# अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८)को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र


शोधार्थी
सरिता भट्टराई
क्याम्पस रोल नं. ११७/०६६/०६७
परीक्षा रोल नं. २१८००७३/२०६८
त्रि.वि. दर्ता नं. ७-१-२१८-२२४-२००३
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी


अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था - २०७२ सरिता भट्टराई

**शोधपत्र बुझाएको मिति**
**वि.सं. २०७२/०४/१७**
**ई.सं. २ अगष्ट, २०१५**

**भाइभा मिति**
**वि.सं. २०७२/०८/०९**
**ई.सं. २५ नोभेम्बर, २०१५**

## स्व-घोषणा

प्रस्तुत **अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्नजाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

.................
सरिता भट्टराई
शोधार्थी

मिति : २०७२/०३/१४
२९ जुन, २०१५

जनता बहुमुखी क्याम्पस ☎०२५-५८१३००
५८००६४
इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.सं. :
च.नं.:

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह, द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि **अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको शोधपत्र सरिता भट्टराईले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/०५/१०
२७ अगष्ट,२०१५

______________________
श्री राजन प्र. शर्मा
शोध निर्देशक
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीबाट स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आवश्यकता परिपूर्तिका लागि सरिता भट्टराईद्वारा प्रस्तुत **माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकमा तयार पार्नुभएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकाले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

हस्ताक्षर

१. श्री टोलनाथ काफ्ले ................................
(विभागीय प्रमुख)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२. श्री राजन प्र. शर्मा ..................................
(शोध निर्देशक)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

३. ..................................

(वाह्य परीक्षक)

मिति : २०७२/ /

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्तिका लागि प्रस्तुत **अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको शोधकार्य गर्न शोधप्रस्ताव तयारी देखि नै आवश्यक मार्ग निर्देशन एवम् महत्त्वपूर्ण सुझाव दिनुहुने शोध निर्देशक श्री राजन प्र. शर्माप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्र तयारीका क्रममा शोध प्रस्तावलाई स्वीकृति प्रदान गरी अनुसन्धानको मार्गदर्शन गर्न सहयोग गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु श्री टोलनाथ काफ्लेज्यू प्रति मुरी मुरी हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी गुरु श्री शान्तिराम दाहालज्यू प्रति पनि आभार व्यक्त गर्दछु ।

यस अनुसन्धानका क्रममा नमुना छनोटमा परेका विद्यालयका प्र.अ.हरू, शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरू तथा स्रोतव्यक्ति जसले प्रश्नावली तथा छलफलमा सहयोग गरिदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

पारिवारिक जिम्मेवारी बहन गरी मेरो अध्ययन पूर्णताका लागि आवश्यक समय उपलब्ध गराई साथै लेखन कार्यमा साथ दिनुहुने जीवनसाथी अनमोल ढकालप्रति ऋणि भएको महसुस गरेकी छु । साथै अध्ययनका लागि हौसला दिनुहुने मेरी ममतामयी माता माया भट्टराई र लेखन कार्यमा विभिन्न तथ्याङ्क उपलब्ध गराउने मेरो प्यारो भाइ नवराज भट्टराईप्रति पनि आभार व्यक्त गर्दछु । त्यसैगरी अध्ययन अनुसन्धानमा विभिन्न सन्दर्भ सामग्रीहरू उपलब्ध गराएर सहयोग गर्ने मेरी प्यारी साथी उषाकुमारी चौधरीलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर गरी सहयोग गर्ने नेहा कम्प्युटर्स इटहरी-५ की रन्जना अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

सरिता भट्टराई

शोधार्थी

२०७२ असार

# शोधसार

अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था विषयमा यो शोधपत्र तयार पारिएको छ जुन अध्ययन गर्नका लागि माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य राखिएको छ ।

यस अध्ययनलाई सहज, सरल बनाउन एवम् माथि उल्लेखित उद्देश्य पूरा गर्नका लागि सुविधाजनक तथा उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा इटहरी स्रोतकेन्द्र अन्तर्गतका पाँचवटा सरकारी अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र स्रोतव्यक्तिसँग अन्तर्वार्ता, प्रश्नावली, रुजुसूची, अवलोकन फारम, छलफल निर्देशिका जस्ता अनुसन्धान उपकरणहरूको प्रयोग गरी प्राथमिक तथ्याङ्क एवम् द्वितीय तथ्याङ्कमा विद्यालय अभिलेख, स्रोतकेन्द्र अभिलेख, पत्रपत्रिकाहरू तथा प्रकाशित पुस्तकहरूबाट प्राप्त तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यसैक्रममा यससँग सम्बन्धित विभिन्न साहित्यको पुनरावलोकन, शिक्षा आयोगका प्रतिवेदन, शिक्षा सम्बन्धी पुस्तक, सन्दर्भ सामग्रीलाई सम्बन्धित साहित्यका रूपमा अध्ययन गरिएको छ ।

विद्यालयमा भएका शैक्षिक सामग्रीको अध्ययन गर्दा अर्थशास्त्र विषय सम्बन्धी शैक्षिक सामग्री विद्यालयमा उपलब्ध नरहेको पाइयो । अध्ययन गरिएका ५ वटा विद्यालयमध्ये श्री जनता उ.मा.वि. र कचना महादेव मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिका समेत रहेको पाइयो । अन्य विद्यालयहरूमा शिक्षक निर्देशिका र पाठ्यक्रमको अभाव रहेको पाइयो । श्री कचना महादेव मा.वि.मा पाठ्यपुस्तक समेत सबै विद्यार्थीहरूलाई पुऱ्याउन नसकेको प्रत्यक्ष अवलोकनबाट पाइयो । सम्पूर्ण विद्यालयहरूमा शिक्षक निर्देशिका र पाठ्यक्रम अनिवार्य रूपमा उपलब्ध हुनाले शिक्षण सिकाइ कार्य प्रभावकारी र सहज भई सिकाइमा प्रभावकारिता बढ्ने देखियो । अध्ययन गरिएका सम्पूर्ण विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू बारे अध्ययन गरिएको थियो । राज्य पक्षबाट नै शिक्षा नीतिमा सुधार गर्नुपर्ने, प्रत्येक विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिका अनिवार्य उपलब्ध हुनुपर्ने, विषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्रीहरू विद्यालयमा अनिवार्य रहनु पर्ने जस्ता सुझावहरू उत्तरदाताहरूबाट प्राप्त भयो ।

## विषयसूची

| शीर्षक | पेज |
|---|---|
| स्व-घोषणा | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञताज्ञापन | iv |
| शोधसार | v |
| परिच्छेद एक | |
| परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनका उद्देश्यहरू | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ परिभाषित शब्दहरू | ८ |
| परिच्छेद दुई | |
| सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन | |
| २.१ सैद्धान्तिक खाका | १० |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.३ अध्ययनको उपादेयता | १७ |
| परिच्छेद तीन | |
| अध्ययन विधि | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २० |
| ३.२ जनसङ्ख्या | २० |
| ३.३ नमुना छनोट प्रक्रिया तथा नमुनाको आकार | २० |
| ३.३.१ जिल्ला छनोट | २० |
| ३.३.२ स्रोतकेन्द्र छनोट | २० |
| ३.३.३ विद्यालय छनोट | २० |

३.३.४ शिक्षक छनोट २१
३.३.५  प्र.अ. र स्रोतव्यक्तिको छनोट २१
३.३.६ अभिभावक छनोट २१
३.३.७  विद्यार्थी छनोट २१
३.४ तथ्याङ्क सङ्कलनको स्रोत २१
३.४.१ प्राथमिक स्रोत २१
३.४.२ द्वितीय स्रोत २२
३.५ तथ्याङ्क सङ्कलनका साधनहरू २२
३.५.१ प्रश्नावली २२
३.५.२ अन्तर्वार्ता अनुसूची २२
३.५.३ लक्षित समूह छलफल २२
३.५.४ सर्वेक्षण फारम रुजुसूची २३
३.६ साधनहरूको वैधता र विश्वसनीयता २३
३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया २३
३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया २३

परिच्छेद चार

नतिजाको विश्लेषण व्याख्या

४.१ माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था २४
४.१.१ शैक्षिक सामग्रीको अवस्था विश्लेषण २२
४.१.२ शिक्षण विधि अवस्था विश्लेषण २५
४.१.३ पाठ्यपुस्तकको उपलब्धता २५
४.१.४ पाठ्यक्रमको उपलब्धता २५
४.१.५ तामिल प्राप्त शिक्षक २५
४.१.६ शैक्षिक सामग्रीको उपलब्धता २५
४.१.७ शिक्षक निर्देशिका र विशिष्टीकरण तालिकाको प्रयोग २६
४.२ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू २६
४.२.१ शैक्षिक सामग्रीको अपर्याप्तता २६
४.२.२ विषयगत शिक्षकको समस्या २७

४.२.३ शिक्षण विधि छनोटमा समस्या २७
४.२.४ सन्दर्भ सामग्रीको अपर्याप्तता २७
४.३ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू २७
४.३.१ प्रधानाध्यापकद्वारा प्राप्त प्रतिक्रिया २८
४.३.२ विषय शिक्षकद्वारा प्राप्त प्रतिक्रिया २८
४.३.३ विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया २९
४.३.४ अभिभावकहरूबाट प्राप्त प्रतिक्रिया २९
४.३.५ स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रिया ३०

परिच्छेद पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ३१
५.२ निष्कर्ष ३३
५.२ सुझावहरू ३४
५.२.१ नीतिगत तह ३५
५.२.२ अभ्यास तह ३५
५.२.३ अनुसन्धान तह ३६
सन्दर्भसूची
अनुसूचीहरू

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानिसको तेश्रो आँखा हो । जुन विना उसले सुकर्म र कुकर्म छुट्याउन सक्दैन । शिक्षाले मानिसलाई कालरुपी अन्धकारबाट हटाई ज्ञानको उज्यालो ज्योति तर्फ डोऱ्याउने काम गर्दछ । शिक्षाको माध्यमबाट नै मानिस आफ्नो जीवनको समग्र पक्षको विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ । शिक्षाको माध्यमबाट नै संसारको आर्थिक, सामाजिक, सांस्कृतिक तथा आध्यात्मिक विकास संभव भएको हो । शिक्षाको विकास मानव विकास सँगसगै भएको पाइन्छ र यो मानव समाज रहुन्जेल सम्म चलिरहन्छ । शिक्षा जीवन पर्यन्त निरन्तर चलिरहने प्रक्रिया हो । गुरागाईँ (२०६७) का अनुसार सामान्य अर्थमा भन्नुपर्दा शिक्षा भनेको ज्ञान प्राप्त गर्नु वा कुनै पनि नयाँ कुरा सिक्नु हो तर शिक्षाशास्त्रीहरूको धारणा अनुसार “शिक्षा कोक्रोमा शुरु भई चिहानमा अन्त्य हुन्छ ।” अर्थात यसलाई निश्चित घेराभित्र राखेर परिभाषित गर्न कठिन हुन्छ किनकी यो निरन्तर चलिरहने प्रक्रिया हो । बालक जन्मेदेखि मृत्युपर्यन्त केही न केही सिकिरहेको हुन्छ, अनुभवहरू बटुलिरहेको हुन्छ, त्यो सबैको संगालो नै शिक्षा हो ।

शर्मा एन्ड शर्मा (२०५३) का अनुसार मानिस चेतनशील प्राणी भएता पनि जन्मदा अन्य प्राणी भै भौतिक चरित्र मात्र लिएर जन्मिरहेको हुन्छ । जन्मनु एक प्रक्रिया हो । मानिसलाई सामाजिक प्राणी बन्नका लागि समाजको आवश्यकता पर्दछ । पछि यही आवश्यकता उसको विकासक्रम सँगै फराकिलो बन्दै जान्छ । यसरी उसको विकासका लागि शिक्षाले ठूलो भूमिका खेल्ने गर्दछ । मानिसले जतिजति शिक्षा प्राप्त गर्दै जान्छ त्यति नै बढी यस समाजलाई चिन्ने र जान्ने अवसर प्राप्त गर्दछ । शिक्षाको माध्यमबाट उसले गति प्राप्त गर्दछ । शिक्षाले आफू जग बनेर मानिसलाई विश्वसँग परिचित बनाएको छ । अर्थात मानव सभ्यताको विकास सँगसँगै शिक्षाको विकासका लागि सामाजिक, दार्शनिक, मनोवैज्ञानिक धारणाहरूले सकारात्मक भूमिका खेल्दै आएर यिनीहरूले शिक्षालाई आजको यस विकसित र वैज्ञानिक युगसम्म पुऱ्याउन सक्षम भएको अवस्था छ । त्यसैले शिक्षालाई विकासको मेरुदण्डका रुपमा लिइने गरिन्छ । मानिसलाई जंगली तथा ढुंगे युगदेखि आजको यस आधुनिक र वैज्ञानिक युगसम्म ल्याइपुऱ्याउनका लागि अगुवाई गर्न र डोऱ्याउनका लागि शिक्षाले ठूलो भूमिका खेलेको छ । यसैले शिक्षालाई विश्व मानव सभ्यताको चौतर्फी विकासको आधारशिला समेत मानिन्छ ।

खनाल (२०६७) का अनुसार शिक्षा एक गतिशील प्रक्रिया हो । यो मानिसको जन्मेदेखि मृत्युपर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासका लागि आवश्यक जनशक्ति तयार पार्दछ । मानिसको आधारभूत आवश्यकताको रुपमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् भनेर संयुक्त राष्ट्र संघले स्वीकार गरेको छ । त्यसमा पनि सबैको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योती हो, सभ्यता र संस्कृतिको जननी हो । शिक्षा विनाको मानव पशुसरह हुन्छ । मानिसलाई व्यक्तिगत र सामुहिक रुपमा सक्षम बनाउन उचित शिक्षा दिनुपर्दछ । आत्मिक, मानसिक, शारीरिक, आध्यात्मिक, वैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानवीय क्रियाकलापको उन्नतिको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गीण विकासका निम्ति शिक्षा अपरिहार्य हुन्छ ।

अधिकारी (२०६७) का अनुसार शिक्षाको यति धेरै महत्त्व र आवश्यकता भएता पनि विभिन्न राजनैतिक घटनाक्रमका बावजुद लामो समयसम्म नेपालमा शिक्षाको विकास हुन सकेन । औपचारिक शिक्षाको इतिहास त्यति धेरै लामो नभएतापनि अनौपचारिक शिक्षाको विकास भने प्राचीन कालबाट नै हुदै आएका थुप्रै प्रमाणहरू भेटिन्छन् । शिक्षाको विकास किराँत कालबाटै भएता पनि त्यस समयमा गुरुकुल, गुम्बा एवं विहारमा दिइने शिक्षाको त्यति चर्चा भएको पाइदैन । वर्णाश्रमको अभ्यूदय पश्चात् मानिसको आयुलाई जम्मा १०० वर्ष मानि ० देखि २५ वर्षसम्म ब्रम्हाचार्याश्रम, २६ देखि ५० वर्षसम्मको अवधिलाई गृहस्थाश्रम, ५१ देखि ७५ वर्षको अवधिलाई वानप्रस्थाश्रम र ७६ देखि १०० वर्षसम्मको अवधिलाई सन्यास आश्रम गरि जम्मा ४ आश्रममा विभाजन गरिएको थियो । त्यसैगरि वि.स. २००७ सालभन्दा अगाडिको मध्यकालिन शिक्षालाई ऋषिकुल शिक्षा, देवकुल शिक्षा, राजकुल शिक्षा, पितृकुल शिक्षा र गुरुकुल शिक्षा गरि शिक्षाको वर्गीकरण गरिएको थियो र सोही अनुसार शिक्षा प्रदान गर्ने प्रचलन रहेको थियो ।

भट्ट (२०६८) का अनुसार वि.स. १९९० सालमा शिक्षा वोर्डको स्थापना भएपश्चात् मात्र नेपालमा आधुनिक शिक्षाको सुत्रपात भएको हो । यसपछि मात्र नेपालमा प्रथम पटक माध्यमिक तहको पाठ्यक्रम निर्माण भएको थियो । यसपछि वि.स. २००७ सालमा प्रजातन्त्रको उदय पश्चात् मात्र नेपालमा शिक्षाले व्यवस्थित र आधुनिक रुप धारण गरि अगाडि बढ्ने अवसर प्राप्त गरेको हो । शिक्षाको विकासका लागि विभिन्न समयमा विभिन्न प्रकारका आयोग तथा समिति बन्ने क्रम र पाठ्यक्रमको सिफारिस गर्ने क्रम निरन्तर रुपमा चलिरहने अवस्था छ । यसै क्रममा माध्यमिक शिक्षामा ऐच्छिक विषयका रुपमा अर्थशास्त्र विषयलाई सर्वप्रथम २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय

शिक्षा समिती र पछि राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले "ग्रामीण अर्थशास्त्र विषय"का रुपमा साधारण माध्यमिक विद्यालयको पाठ्यक्रममा समावेश गरेको हो ।

अधिकारी (२०६८) का अनुसार नेपालमा पाठ्यक्रमलाई योजनाबद्ध ढंगले विकास एवं व्यवस्थित गर्ने काम राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शुरु गरेको हो । वि.स. २०२८ सालमा निर्माण भएको पाठ्यक्रम २०३८ सालमा परिमार्जित गरियो । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात् राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ लाई आधार मानेर माध्यमिक तहको पाठ्यक्रम २०५५ निर्माण भयो । यसै शिलशिलामा २०६३ सालबाट एस.एल.सी. परीक्षा कक्षा १० को पाठ्यक्रमबाट मात्र लिने निर्णय गरियो । यसरी राष्ट्रको सामाजिक तथा राजनैतिक परिवर्तन तथा मानिसको चेतनाको विकास सँगसँगै समय सापेक्ष ढङ्गले पाठ्यक्रम समेत परिवर्तन हुनेक्रम जारी नै छ ।

मा.वि. पाठ्यक्रम भाग २ (२०६७) का अनुसार सामान्य अर्थमा विभिन्न आर्थिक क्रियाकलापहरूको अध्ययन गर्ने शास्त्रलाई अर्थशास्त्र भनिन्छ । शुरुशुरुमा अर्थशास्त्र छुट्टै विषयको रुपमा विकसित थिएन । अर्थशास्त्र विषयमा दिइने ज्ञानलाई अन्य विषयहरूसँग आवद्ध गरेर दिने चलन थियो तर जसरी समय बित्दै गयो अर्थशास्त्र संबन्धि धारणाहरू पनि प्रष्ट हुन थाले र यो छुट्टै विषयको रुपमा विकसित भयो । १७ औ शताब्दीतिर वाणिज्यवादीहरूले राज्यको स्थायित्वका लागि धनको आवश्यकता माथि जोड दिन थाले । उनीहरूले राज्यको भूमिकाको माध्यमबाट धनको अध्ययनलाई अर्थशास्त्रको प्रमुख विषयवस्तु मान्न थाले । अर्थशास्त्रलाई आधुनिक तथा बैज्ञानिक ढंगबाट परिभाषित गर्ने श्रेय सर्वप्रथम शास्त्रीय अर्थशास्त्री आडम स्मिथ लाई जान्छ । त्यसैले उनलाई अर्थशास्त्रका पिता पनि भनिन्छ । यसपछि अल्फ्रेड मार्सल, लायोनेल रबिन्स तथा अन्य विद्वानहरूले अर्थशास्त्रलाई व्यवस्थित ढंगबाट आ-आफ्नै किसिमले परिभाषित गरेका छन् । माध्यमिक विद्यालयका विद्यार्थीहरूमा अर्थशास्त्रको आधारभूत सिद्धान्त र व्यवहार निर्माण एवं नेपालको अर्थ व्यवस्थाको संबन्धमा ज्ञान, सीप र अभिवृति विकास गर्ने अभिप्रायले यो विषय मा.वि. पाठ्यक्रममा समावेश गरिएको हो । पाठ्यक्रमलाई जनआकांक्षा एवं देशको परिवर्तित सन्दर्भ अनुकूल परिवर्तन गर्नुपर्ने तथ्यलाई हृदयङ्गम गरी विषय, विशेषज्ञ, पाठ्यक्रम विज्ञ र विषयगत शिक्षकको समेत राय परामर्श र सुझावमा आधारित भई यो पाठ्यक्रमको समायोजन तथा परिमार्जन गरिएको छ । विश्वमा आएका परिवर्तन, आविष्कार, सञ्चार एवं सूचनाको क्षेत्रमा देखा परेको विकास एवं विश्वव्यापीकरण र स्थानीयकरणको समायोजनका लागि यस विषयमा अर्थशास्त्रको परिचय, उपभोग

तथा उत्पादनका साधनहरू, राष्ट्रिय आय तथा आर्थिक विकासका साधनहरू कृषि, सहकारीता, उद्योग, आर्थिक योजना लगायत विनिमय, वितरण, मुद्रा तथा बैंकिङ्ग, सार्वजनिक वित्त, विकास, नेपालको वैदेशिक व्यापार, अर्थतन्त्र, गरिबी तथा बेरोजगारी तथा तथ्याङ्कशास्त्रीय कार्य जस्ता विषयहरू यस अन्तर्गत अध्ययनका लागि समावेश गरिएको छ । पाठ्यक्रम सम्बन्धी सर्वस्वीकार्य र एकमात्र धारणा पाउन सकिदैन र विभिन्न विद्वानहरूले पाठ्यक्रमलाई फरक-फरक रुपमा उल्लेख गरेका छन् । समयको परिवर्तन, सामाजिक आवश्यकता, विज्ञान र प्रविधिमा आएको परिवर्तनले गर्दा संसारमा निरन्तर रुपमा नयाँ-नयाँ ज्ञानको भण्डार विकसित भइरहेको छ । जसले गर्दा पाठ्यक्रम सम्बन्धी धारणाहरूमा पनि निरन्तर परिवर्तन भइरहेका छन् ।

पाठ्यक्रम शब्द सन् १८२० देखि नै प्रचलनमा रहेको थियो तापनि यसको व्यवस्थित रुप भने त्यसको झण्डै १०० वर्षपछि मात्र देखा पर्‍यो । पाठ्यक्रमलाई सबै मानिसहरूले आ-आफ्नो बुझाई तथा कायक्षेत्र अनुसार परिभाषित गरेको पाइन्छ । समग्रमा पाठ्यक्रम भन्नाले शिक्षण सिकाइलाई योजनाबद्ध रुपमा अगाडी बढाई विद्यार्थीबाट अपेक्षित प्रतिफल प्राप्त गर्ने कार्य योजना भन्ने बुझिन्छ । के सिकिन्छ भन्ने कुरालाई नै सामान्य रुपमा पाठ्यक्रमको रुपमा परिभाषित गरेको पाइन्छ । यस अवधारणा अनुसार पाठ्यक्रमलाई अपेक्षित गरिएको, कार्यान्वयन गरिएको प्राप्त गरिएको गरी तीन वटा प्रमुख क्षेत्रहरूमा परिभाषित गरिन्छ ।

तिवारी, (२०६८) का अनुसार सामान्य रुपमा भन्नुपर्दा पाठ्यक्रमलाई शैक्षिक संस्थामा वा विद्यालयमा लागू गर्नु वा कार्यान्वयन गर्नु नै पाठ्यक्रमको कार्यान्वयन हो । अर्को शब्दमा  निर्धारित शैक्षिक लक्ष्य प्राप्तिका लागि पाठ्यक्रमलाइ व्यवहारिक रुपबाट विद्यालयीय अभ्यासमा लागू गराउनु नै पाठ्यक्रमको कार्यान्वयन हो । पाठ्यक्रमले राखेको उद्धेश्यहरू पूरा गर्न र विद्यार्थीहरूको सर्वाङ्गीण विकासद्वारा दक्ष जनशक्ति उत्पादन गरी राष्ट्र विकासमा योगदान पुर्‍याउन सक्ने शिक्षाको अपेक्षा पनि पाठ्यक्रमको सफल कार्यान्वयनमा भर   पर्दछ । तसर्थ पाठ्यक्रम कार्यान्वयनलाई शैक्षिक प्रक्रिया वा शैक्षिक प्रणालीको महत्वपूर्ण कार्य मानिन्छ । कुनै पनि देशको शैक्षिक गुणस्तर त्यहाँको पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको गुणस्तरमा प्रत्यक्ष निर्भर गर्दछ । अर्थात देशको शैक्षिक गुणस्तर सन्तोषजनक हुनुका सम्बन्ध त्यहा पाठ्यक्रमको कार्यान्वयन स्तरयुक्त भयो भन्ने सँग हुन्छ । शैक्षिक गुणस्तर खस्किनुको प्रमुख कारण प्रभावकारी रुपमा पाठ्यक्रमको कार्यान्वयन नहुनु हो भन्ने आँकलन गरिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन त्यस प्रक्रियालाई मानिन्छ, जहाँ विद्यार्थीहरू सधैं चासोपूर्वक र नयाँपनको अनुभव गर्दछन् । सफल पाठ्यक्रम कार्यान्वयन अर्न्तगत विद्यार्थीहरू

सृजनशीलता प्रति उत्प्रेरित हुन्छन् । पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी र स्तरयुक्त बनाई विद्यार्थीहरूमा सिर्जनशील तथा उनीहरूको सर्वाङ्गीण विकास गर्ने जस्ता अपेक्षा गरिएको हुन्छ । तसर्थ पाठ्यक्रम कार्यान्वयन भन्नाले लिखित पाठ्यक्रमलाई कक्षाकोठा अभ्यासमा रुपान्तरण गर्ने प्रक्रिया हो ।

माध्यमिक तहमा पढाइ हुने विषयहरू अन्तर्गत अनिवार्य नेपाली, अनिवार्य गणित, अनिवार्य अङ्ग्रेजी, सामाजिक शिक्षा, जनसङ्ख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, ऐच्छिक विषय अर्थशास्त्र तथा अतिरिक्त गणित पर्दछन् ।

ऐच्छिक विषय अर्थशास्त्र माध्यमिक तहमा अध्यापन भइरहेको विषय हो । अर्थशास्त्रका सम्बन्धमा आडम स्मिथले भनेका छन् - अर्थशास्त्रले धन सम्बन्धी व्यवहार अर्थात् विभिन्न क्रियाकलापको अध्ययन गर्दछ । त्यसैले यस्ता क्रियाकलापको अध्ययन नै अर्थशास्त्रका विषयवस्तु हुन् ।

यसरी विद्यालय तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कसरी र कुन रुपमा कार्यान्वयन भइरहेको छ, कार्यान्वयनमा के -कस्ता समस्याहरू छन्, समस्या समाधानका कस्ता उपायहरू अपनाउन सकिन्छ भनी यस शीर्षकमा अध्ययन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

समय दिन प्रतिदिन परिवर्तन भइरहेको छ । जसको परिणामस्वरुप मानिसहरूको सोचाइ र समाज समेत परिवर्तन भएको अवस्था विद्यमान रुपमा रहेको पाइन्छ । जसरी विगतमा निर्माण भएको पाठ्यक्रममा परिवर्तन भई आजको यस अवस्थामा आइपुगेको छ, ठीक त्यसरी नै आगामी दिनहरूमा पनि पाठ्यक्रमको समय सापेक्ष रुपमा परिवर्तन भई रहनेछ । परिवर्तित समय अनुकुल समाजमा समायोजन हुन र सामाजिक आवश्यकता तथा आकांक्षाहरू पुरा गर्न सक्ने जनशक्ति तयार पार्न सक्नु शिक्षाको प्रमुख दायित्व हो । आजको युग वैज्ञानिक, आर्थिक सम्वृद्धि र पूँजीवादी चिन्तनको युग हो । मानिसले आफ्नो दैनिक जीवन अर्न्तगत सञ्चालन गरिने व्यवहारहरूलाई सहि ढंगले परिचालन गर्दै जीवनलाई सफल र सम्बद्ध पार्न अन्य विषय अध्यापनका लागि आवश्यक पर्ने धारणाहरू तथा ज्ञान र सीपको विकास गर्न र उच्च शिक्षा अध्ययनका लागि आवश्यक ज्ञान, सीप र अभिवृतिको विकास गर्ने उद्देश्यले माध्यमिक तहको पाठ्यक्रममा यस अर्थशास्त्रको विषयलाई समावेश गरिएको हो ।

निम्नानुसारका समस्याहरू पत्ता लगाउने उद्देश्यले यस माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था संबन्धी अध्ययन गरिएको हो ।

- पाठ्यक्रमले राखेका उद्धेश्यहरू प्रभावकारी छन् या छैनन् ?
- अर्थशास्त्र विषय शिक्षणमा के कस्ता समस्याहरू देखिएका छन् ?
- के कस्ता शिक्षण विधि र शैक्षिक सामग्रीलाई प्रयोगमा ल्याइएको छ ?
- दैनिक जीवनयापनमा यस विषयको अध्ययनले के कस्तो प्रभाव पारेको छ ?
- कसरी कार्यान्वयन भइरहेको छ ?
- कार्यान्वयनको क्रममा के कस्ता समस्याहरू शिक्षकहरूले भोगीरहेको छन् ?
- पाठ्यक्रम उपलब्ध छ वा छैन ?
- निर्देशिकाहरू छन् वा छैनन् ?
- सवल कार्यान्वयनका लागि तालिम दिइएको छ छैन ?
- पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि प्रवोधीकरण गरिएको थियो वा थिएन ?
- आवश्यक सामग्रीहरू उपलब्ध छन् छैनन् ?

जस्ता कुराहरू खोज गर्न आवश्यक ठानी “माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था” शीर्षक राखी अध्ययन गर्न लागिएको छ ।

### १.३ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धान आफैमा एक महत्वपूर्ण मानिन्छ । यसका अलावा अर्थशास्त्र विषय आफैमा एउटा यस्तो विषय हो, जसले मानिसलाई आफ्ना दैनिक जीवनका गतिविधिलाई सहि र उपयुक्त ढंगले परिचालन गर्दै एउटा सफल तथा समृद्ध जीवन यापनका लागि मार्ग निर्देशन गर्दछ । यस अध्ययनको महत्वलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- माध्यमिक तहका विषय शिक्षकका लागि प्राथमिक श्रोतका रुपमा यस अध्ययनले सहयोग गर्नेछ ।
- यस अध्ययनको निष्कर्षबाट संबन्धित सरोकारवालाहरूको साथै पाठ्यक्रमविद्, नीति निर्माता, योजनाकार आदिलाई सहयोग पुग्नेछ ।

- यस अध्ययनको निष्कर्षबाट विद्यालयका प्रधानाध्यापक, शिक्षाप्रेमी तथा विद्यालय व्यवस्थापन समिति आदिलाई विद्यालयको शैक्षिक गुणस्तर सुधार्नका लागि सहयोग गर्नेछ ।
- यसले संबन्धित क्षेत्रमा अध्ययन गर्न चाहने अन्य अध्ययनकर्तालाई पनि सहयोग गर्नेछ ।
- सरोकारवाला, अभिभावक तथा शिक्षाविद्हरूलाई समेत यसबाट सहयोग पुग्नेछ ।
- माध्यमिक तह कक्षा ९ र १० मा अर्थशास्त्र इच्छाधिन विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूलाइ उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन ।

ख) पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरको विश्लेषण गर्न ।

ग) उक्त समस्याहरूको सुधारका लागि उपायहरू खोजी गर्न ।

## १.५ अनुसन्धानात्मक प्रश्न

अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकको यस अध्ययनमा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजिएको छ ।

क) सामुदायिक विद्यालयको माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

ख) पाठ्यक्रम कार्यान्वयनको अवस्थाले सिकाईमा कस्तो प्रभाव पारेको छ ?

ग) पाठ्यक्रम कार्यान्वयनका क्रममा के कस्ता समस्याहरू देखिएका छन् ?

घ) पाठ्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

ङ) के कस्ता विधि एवं सामग्रीहरू प्रयोग गरी शिक्षण गरिन्छ ?

च) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

छ) विद्यालयमा कतिको शैक्षिक सामग्रीहरू उपलब्ध छन् ?

## १.६ अध्ययनको परिसीमा

उपलब्ध साधन, स्रोत तथा उपयुक्त समयलाई ध्यानमा राख्दै यस अध्ययनलाई निम्नलिखित परिसीमामा आबद्ध भई पूरा गरिएको छ ।

क) यो अध्ययन सुनसरी जिल्ला इटहरी श्रोतकेन्द्र अन्तर्गत ५ वटा सामुदायिक विद्यालयमा सीमित गरिएको छ ।

ख) यो अध्ययन माध्यमिक तहका विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

ग) यो अध्ययन अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा सीमित गरिएको छ ।

## १.७ परिभाषित शब्दहरू

यस अध्ययनमा प्रयोग भएका निम्न शब्दावलीहरूको अर्थ तल प्रस्तुत गरिए अनुसार नै प्रयोग भएको छ ।

पाठ्यक्रम - माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम

पाठ्यपुस्तक - माध्यमिक तह कक्षा ९ र १० को पाठ्यक्रम

अभिभावक - छनोटमा परेका विद्यालयका अध्ययनरत विद्यार्थीहरूको अभिभावक भनी विद्यालयको अभिलेखमा गनिएको व्यक्ति

प्रधानाध्यापक - छनोटमा परेका विद्यालयका शिक्षक प्रमुख

शिक्षक - छनोटमा परेका विद्यालयका शिक्षण गर्ने व्यक्ति

विद्यार्थी - छनोटमा परेका विद्यालयमा अध्ययन गर्ने व्यक्ति

विद्यालय - छनोटमा परेका सामुदायिक विद्यालय

शैक्षिक सामग्री - छनोटमा परेका विद्यालयका शिक्षकहरूले कक्षामा अध्यापन गराउने क्रममा उपयोगमा ल्याइने जति पनि वस्तु सामग्री वा उपकरणहरू

समुदाय - अध्ययनको कुनै पनि निश्चित क्षेत्रमा बसोबास गर्ने सामाजिक समुह

सामुदायिक विद्यालय - नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त अध्ययन क्षेत्रको विद्यालय

स्रोतव्यक्ति - छनोटमा परेका विद्यालयका एक मात्र प्रमुख व्यक्ति

## परिच्छेद : दुई

## सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक खाका

यस अध्ययनमा सैद्धान्तिक खाका र पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । यस अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो खण्डमा यस अध्ययनसँग संबन्धित सैद्धान्तिक खाका र दोस्रो खण्डमा पूर्व साहित्यको पुनरावलोकन गरिएको छ ।

कोइराला (२०५९) मा Meryo (1880) ले मानव संबन्ध सिद्धान्त : यिनलाई मानव संबन्ध सिद्धान्त प्रर्वतकका रुपमा मानिन्छ । (Agramal,2006) मानव संबन्ध सिद्धान्तले मानव संबन्ध भनेको सोचाइ, प्रवृति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ, त्यसमा नै मानव संबन्ध निर्भर हुने गर्दछ । यसमा मनोवैज्ञानिक, व्यक्तिगत गुण र मानवीय आयनहरूलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र सुमधुर संबन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कुनै पनि संगठनमा कार्य गर्नेहरूका बीच राम्रो मानव संबन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो स्तरीय हुने र यसको विपरित मानव संबन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुन थाल्यो । मानव संबन्ध सिद्धान्तले मानिसलाई संगठनको अन्य वस्तु वा कुनै सम्पति वा मेशिनको रुपमा लिइनु हुदैन र मानिसलाई मानिस जस्तो व्यवहार गर्नुपर्दछ भन्ने कुरालाई जोड दिएको छ । मानिस चेतनशील प्राणी भएकोले उसलाई मानवीय व्यवहार गर्नु आवश्यक हुन्छ । संगठनमा सबै मिलेर उद्देश्य पुरा गर्नु छ भने एकले अर्कोलाई चिनेर व्यवहार गर्नुपर्दछ । जति धेरै मानवीय संबन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो संबन्ध कायम भई काममा स्तरीय एवं प्रभावकारीता हाँसिल गर्न सकिन्छ भन्ने मानव संबन्ध सिद्धान्तको सार हो ।

खनाल,(२०५९) मा B.F. Skinner,(1904) द्वारा प्रतिपादित कार्यमूलक व्यस्तताको पुर्नवलीय सिकाइ सिद्धान्त :

यस अध्ययनमा सिक्ने र सिकाउने कार्यमा जोड दिएको हुनाले अध्ययनलाई सिकाई सिद्धान्तसँग सम्बन्धित बनाइएको छ । यस सिद्धान्तको मूल विचार सिकाई वा व्यवहार परिवर्तन उपयुक्त वातावरण उद्यीपकप्रति सहजै पैदा हुने प्रतिक्रिया र पुनर्वलीय उद्यीपक बीचको क्रियाकलाप संबन्धि प्रत्यावर्तन सिकाई भनिन्छ । सिकाइ परिवर्तन गराउनमा सहयोगी भूमिका खेल्ने वातावरणीय पक्षलाई पुर्नवल भनिन्छ । पुर्नवलले सिकारुहरूलाई सिकाइप्रति तत्परता र रुची पैदा गरी सिकाइ प्रभावकारी र दिगो बनाउन सहयोग  पुऱ्याउँछ । स्किनरले सिकाइ निरन्तर पुर्नवल तालिका अनुसार

सही प्रतिक्रियाका मात्रा र सिकाई दक्षताको आधारमा बीचबीचमा रोकिदै पुर्नवल उपलब्ध गराउँन सकिने कुरा उल्लेख गरेका छन् । बालबालिकाको सिकाइ प्रतिक्रियामा पुनर्वल तालिकको प्रयोग गरी व्यवहार परिवर्तन गर्न सकिने छ । विद्यार्थीले सही प्रतिक्रिया देखाए पछि तुरुन्त पुनर्वल प्रदान गर्नाले सिकाइ प्रभावकारी हुन्छ । यस सिद्धान्त अनुसार सिकाइमा दण्डको प्रयोगले व्यवहारलाई दवाएर राख्दछ र पुनः जागरण गराउन सक्दछ तर पुरस्कारले सधैं सकारात्मक व्यवहार अनुसार पुर्नवलको माध्यमबाट शब्द ज्ञान गराउँन सकिन्छ । यस अनुसार पुर्नवल र वातावरणीय अनुकुलतालाई शाब्दिक सिकाइको मूल स्रोतको रुपमा लिनु हो । सबै सिकाइको तत्परता अनुरुपमा सिकाइ विषयवस्तुको निर्धारण गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ ।

शर्मा, (२०५८) मा थर्नडाइक (१९१३) का अनुसार सिकाई भनेको ठीक व्यवहारलाई आत्मसात् गर्नु तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरू गर्दा गर्दै र प्रतिक्रिया देखाउदा देखाउदै सफलता प्राप्त गर्नु सही समाधान र प्रयासले मात्र स्थायी रुप लिई सिकाई स्थाई तथा प्रभावकारी हुने कुरामा जोड दिएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेको क्रियाकलाप तथा शैक्षिक सूचकलाई क्रमशः अभ्यस्त बनाउदै निचोडमा पुग्नुपर्दछ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थीहरूलाई सिक्ने र सिकाउने क्रममा दैनिक रुपमा आइपर्ने क्रियाकलापहरूलाई अर्थशास्त्र विषयको पाठ्यक्रमले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिकाइ रहेको हुन्छ ।

भट्ट (२०६८) मा उल्लेख भए अनुसार पाठ्यक्रम कार्यान्वयनको नवीन नमुनाहरू यसप्रकार रहेका छन् -

नमुना एक : परिवर्तन अवरोधहरूको सामना नमुना

पाठ्यक्रम परिवर्तनका नमुनाहरू अन्तर्गत परिवर्तन अवरोधहरूको सामना नमुनाको अवधारणा विकास गर्ने व्यक्ति नील ग्रस (सन् १९८१) द्वारा पाठ्यक्रम परिवर्तन सम्बन्धी अगाडि सारिएका मान्यताहरूमा आधारित छ । उनी पाठ्यक्रम नमुना सम्बन्धमा आफ्नो विचार लेख्दछन् - “कुनै पनि योजनाबद्ध सङ्गठनात्मक परिवर्तनको सफलता र असफलता आधारभूत रूपमा गर्न सक्ने क्षमतामा भर पर्दछ । त्यो वर्तमान रूपमा तत्कालिन समयमा नयाँ विचार नयाँ विधि, नयाँ अभ्यास वा नवप्रवर्तनको प्राथमिकतामा हुन्छ ।”

विभिन्न महाविद्यालय तथा विद्यालयहरूमा नयाँ विधि, नयाँ विचार, नयाँ अभ्यास वा नवप्रवर्तनको कार्यान्वयन सम्बन्धी गरिएका विभिन्न अध्ययन तथा अनुसन्धानद्वारा हल एन्ड लक्स् (सन् १९७२) ले यस नमुनाका निम्नलिखित चरणहरू उल्लेख गरेका छन् -

- असम्बन्धित पक्षहरू
- व्यक्तिगत पक्षहरू
- कार्य सम्बन्धित पक्षहरू
- प्रभाव सम्बन्धित पक्षहरू

नमुना दुई : सङ्गठनात्मक विकास नमुना

यस नमुनालाई सङ्क्षिप्त रूपमा ओ.डि.मोडल पनि भनिन्छ । पाठ्यक्रम कार्यान्वयनका नमुनाहरू मध्ये यस नमुनाको विकास गराउने व्यक्ति Richard S. Schmuck र Mathew B. Miles (1971, 1977) हुन् । उनीहरूले पाठ्यक्रम विकासका कतिपय पद्धतिहरूले शैक्षिक प्रणालीमा अपेक्षित सुधार गर्न नसकेको भन्दै यस नमुनाको विकास गरेका थिए । उनीहरूका अनुसार अन्य पद्धतिहरू असफल हुनुका प्रमुख कारण कार्यान्वयन नेतृत्वकर्ताहरूले नयाँ कार्यक्रम ग्रहण गर्ने प्रक्रिया तार्किक प्रक्रिया हो भन्ने मान्यता राख्नु हो । तर पाठ्यक्रम कार्यान्वयनको यस नमुनाले चाहिँ कार्यान्वयन प्रक्रियाका लागि नवप्रवर्तन र प्राकृतिक रूपबाट गरिने प्रचार प्रसारका प्राविधिक पक्षहरूलाई अवलम्बन गर्नुपर्नेमा जोड दिन्छ ।

Frecch and Bell (1990) ले यस नमुनाका निम्नलिखित विशेषताहरू हुने उल्लेख गरेका छन्-

– सङ्गठनका मुद्दाहरूलाई सम्बोधन गर्न सामुहिक कार्यमा जोड दिइनु पर्दछ ।
– समूह तथा अन्तरसमूह प्रक्रियाहरूमा जोड दिइनु पर्दछ ।
– सम्पूर्ण प्रणालीको एउटा भागका रूपमा त्यहाँको संस्कृति प्रति परिचित र जानकार हुनु पर्दछ ।
– सहकार्यमा जोड दिइने पद्धतिलाई सङ्गठनकै एउटा संस्कृतिको रूपमा विकसित गरिनु पर्दछ ।
– सङ्गठनलाई हाक्ने व्यक्तिहरू Consultant र सहजकर्ताका रूपमा हुन् भन्ने तथ्यलाई अनुभूति गर्नु पर्दछ ।

- सङ्गठनका मौजुदा गतिशीलताहरूलाई परिमार्जित वातावरण अनुसार बभ्mने र त्यसका सबल पक्षहरूलाई पहिचान गर्नु पर्दछ ।

नमुना तीन : शैक्षिक विकास नमुना

पाठ्यक्रम परिवर्तनका नमुनाहरू मध्ये शैक्षिक विकास नमुनाको विकास गर्ने व्यक्ति Michael G. Fullan (1982) हुन् । उनी आफ्नो पाठ्यक्रम विकास नमुना सम्बन्धमा तर्क राख्दै अगाडि भन्दछन्- "पाठ्यक्रम सम्बन्धी प्रक्रियालाई प्रभावकारी बनाउनका लागि हामीले पाठ्यक्रम कार्यान्वयनको लक्षित अवधारणालाई गहन रूपबाट बुझ्नु आवश्यक मानिन्छ ।" यसका लागि पाठ्यक्रम कार्यकर्ताहरूले पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूलाई विशेष रूपमा ध्यान दिनुपर्ने सुझाव औँल्याएका छन् । पाठ्यक्रम नेतृत्वकर्ताहरूले ध्यान दिनैपर्ने त्यस्ता तत्त्वहरूलाई Fullan ले निम्नानुसार प्रस्तुत गरेका छन् -

परिवर्तनका विशेषताहरू

- परिवर्तनको आवश्यकता र सान्दर्भिकता
- परिवर्तनलाई सहजै बुझ्न सकिने अवस्था
- जटिलता
- कार्यक्रमको प्रयोगात्मकता र गुणस्तरीयता

विद्यालय क्षेत्र तहका विशेषताहरू

- नवप्रवर्तन समाधानका विगत घटनाहरू
- ग्रहण गर्ने वा लागू गराउने प्रक्रिया
- केन्द्रीय प्रशासकीय सहायता तथा सहभागिता
- शिक्षक कर्मचारी, प्रशासक विकास
- समय सीमा तथा सूचना प्रणाली
- बोर्ड तथा समुदायका विशेषताहरू

विद्यालय तहको अवस्थामा विशेषताहरू

- प्रमुखका विशेषताहरू तथा नेतृत्व
- शिक्षकका विशेषताहरू तथा सम्बन्धहरू
- विद्यार्थीका विशेषताहरू तथा आवश्यकताहरू

स्थानीय प्रणालीभन्दा बाहिरका विशेषताहरू

– सरकारी निकायका भूमिकाहरू

– बाह्य कोषहरू

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

भट्ट (२०६८) का अनुसार नेपालमा ऐच्छिक विषयका रुपमा अर्थशास्त्र विषयको इतिहास त्यति लामो पाइदैन । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले इच्छाधिन विषयका रुपमा सर्वप्रथम अर्थशास्त्र विषयलाई १०० पूर्णाङ्क अंकभार सहित माध्यमिक विद्यालयको पाठ्यक्रममा समावेश गरेको थियो । पछि रा.शि.प.यो. २०२८ ले माध्यमिक तहको इच्छाधिन विषयको रुपमा ग्रामीण अर्थशास्त्रलाई यसै सिलसिलामा राष्ट्रिय शिक्षा आयोग २०५५ ले ऐच्छिक प्रथम पत्रका रुपमा यस अर्थशास्त्र विषयलाई १०० पूर्णाङ्क अंकभार दिइ पाठ्यक्रममा समावेश गरेको छ ।

खनाल तथा साथीहरू (२०६५) का अनुसार शिक्षा प्रणाली वा पद्धतिमा लगानी भन्नाले केवल आर्थिक लगानी मात्र पर्दैन, शिक्षाको लक्ष्य हासिल गर्नका लागि व्यवस्था गरिएका उद्धेश्यहरू शिक्षक विद्यार्थी पाठ्यक्रम विषयवस्तु, पूँजी तथा भौतिक पूर्वाधारहरू समय तथा स्रोत लगायत प्रशासकिय व्यक्तिहरू समेत शिक्षाको लगानी भित्र पर्दछन् । शैक्षिक प्रक्रिया भित्रका अंगहरू प्रभावकारी हुन सकेनन् भने लगानी पक्ष सवल भएर पनि शिक्षा प्रणालीको कार्यात्मक पक्ष कमजोर हुन्छ । जसले गर्दा लक्षित उपलब्धि प्राप्त गर्न सकिदैन । यसरी शिक्षा प्रणालीमा संपूर्ण लगानीहरूको अधिकतम परिचालन गरि शैक्षिक उपलब्धिहरू हाँसिल गर्न सहयोग गर्ने गतिशिल पक्ष नै शैक्षिक प्रक्रिया हो ।

अधिकारी र पौड्याल (२०६५) का अनुसार दैनिक जीवनमा आइपर्ने हरेक समस्या र चुनौतीहरूको सामना गर्ने सीप नै जीवनपयोगी सीप हुन् । विभिन्न परिस्थितिमा जुध्न सक्ने क्षमता पनि जीवनोपयोगी सीप हो । यस्ता सीपबाट मानिसले रोजगारी पाई आय आर्जन गर्न सक्षम हुन्छन् । यस्ता जीवनोपयोगी सीप सिक्नको लागि अर्थशास्त्र विषयको पाठ्यक्रमले सिकाइरहेको हुन्छ ।

शर्मा (२०५७) का अनुसार नेपालमा सरकारले राणा प्रधानमन्त्री चन्द्र शमशेर ज.व.रा. कै पालामा कस्तो शिक्षा उपयुक्त होला भनि खोजी गर्ने क्रममा टेक्निकल स्कुल, जुद्धकला पाठशाला आदि खोली अध्ययन अध्यापनको कार्य शुरुवात गरिएको भएता पनि हालसम्म नेपालमा त्यस्ता खाले व्यवसायिक तथा प्राविधिक शिक्षाहरूको खासै विकास हुन सकेको छैन ।

अधिकारी (२०६६/६७) का अनुसार शिक्षामा जीवनोपयोगी तथा जीवनमा आइपर्ने समस्यासँग जुध्न सक्ने किसिमका शिक्षा दिइनु पर्छ । यस्ता व्यवसायिक शिक्षाले मात्र व्यवहारलाई उपयोगी बनाई आजको आधुनिक युगमा आवश्यक सीप सिक्नुको साथै आय आर्जनमा सार्थक हुन्छ ।

अर्थशास्त्रले मानिसको धनसंबन्धी व्यवहार अर्थात क्रियाकलापको अध्ययन गर्दछ । त्यसैले यस्ता क्रियाकलापको अध्ययन नै अर्थशास्त्रका विषयवस्तु हुन् । मार्सलले अर्थशास्त्रलाई एउटा सामाजिक विज्ञानको रुपमा मानेकाले समाजमा बस्ने सदस्यहरूको भौतिक कल्याणको अध्ययनलाई यसको विषयवस्तु मानेका छन् तर रबिन्स अर्थशास्त्रलाई विशुद्ध मानव विज्ञान मान्दछन् । त्यसैले उनका अनुसार मानिसहरूद्धारा असिमित आवश्यकताहरूको परिपूर्ति गनै आफ्नो सिमित साधन वैकल्पिक प्रयोग संबन्धि अध्ययनलाई नै अर्थशास्त्रको प्रमुख विषयवस्तुका रुपमा लिइन्छ । मानिसका इच्छा र आवश्यकता असिमित हुन्छन् र मानिसले सधैं ती आवश्यकता पूरा गर्ने प्रयत्न गर्दछन् । यसरी आफ्नो आवश्यकता पुरा गर्न प्रयत्नशील रहँदा उसले उक्त आवश्यकताको परिपूर्ति गरि सन्तुष्टि प्राप्त गर्दछ तर केही समयमै फेरी उसलाई अर्को वस्तुको आवश्यकता महशुस हुन्छ र पुनः त्यसलाई प्राप्त गर्न प्रयत्न गर्दछ र फेरी सन्तुष्टी प्राप्त गर्दछ । यो क्रम मानिसको जीवनपर्यन्त चलिरहन्छ । यसैले अर्थशास्त्रको विषयवस्तु यिनै कुरालाई केन्द्रबिन्दु मानेका हुन्छन् ।

अधिकारी (२०६४) का अनुसार पाठ्यक्रमको मूख्य उद्धेश्य नै मानवीय व्यवहार परिवर्तन हो । मानवीय व्यवहार प्रत्यक्ष रुपमा समाज र सामाजिक व्यवहारसँग संबन्धित हुन्छ । सामाजिक व्यवहारमा कुनै पनि असामाजिकपन देखा पर्नुलाई व्यवहारिक समस्या भनिन्छ । व्यक्तिका व्यवहारहरू समाजबाट निर्मित, निर्देशित, परिमार्जित र विकसित हुने हुँदा व्यवहारिक समस्याको मूल कारक पनि समाजलाई नै मानिन्छ । अर्को शब्दमा भन्नुपर्दा जब सामाजिक व्यवहारहरूमा समस्या देखापर्दछ, त्यसलाई सामाजिक दोष भनिन्छ । सामाजिक दोषहरू भनेको नै मानिसका व्यवहारमा दोषहरू हुन् । व्यवहारिक समस्यालाई पाठ्यक्रम निर्माणसँग संबन्धित गरिएको छ । पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अको थलो भनेको समाज नै हो । सामाजिक कु - व्यवहारहरू सामाजिक अन्तरविरोधहरू, सामाजिक समस्याहरूलाई सम्बोधन गर्न यिनिहरूको निराकरण गर्ने उपाय पाठ्यक्रमले दिन सकेन भने त्यस पाठ्यक्रमलाई समाजले रुचाउदैनन् । त्यो पाठ्यक्रम कार्यान्वयन हुन सक्दैन । त्यसैले पाठ्यक्रम निर्माण र कार्यान्वयन ज्यादै संवेदनशील, जटिल र चुनौतीपूर्ण कार्य हो । तसर्थ मानवीय आवश्यकताहरूलाई ध्यानमा राखि शिक्षामा

जीवनोपयोगी तथा जीवनमा आइपर्ने समस्यासँग जुध्ने किसिमको शिक्षा दिइनु पर्दछ । यस्ता व्यावसायिक शिक्षाले मात्र व्यवहारहरूलाई उपयोगी बनाई आय आर्जनमा सार्थक हुन्छ ।

ज.व.रा. र साथीहरू (२०६३) का अनुसार पाठ्यक्रममा कतिपय सीपमूलक धारणाहरू पनि विकसित गराइन्छन् । यस्ता सीपहरूबारे प्रत्यक्ष सिकाई अनुभव प्रदान गर्न कार्यशालाको पनि व्यवस्था गर्नुपर्दछ । साधन संपन्न कार्यशालामा सिकाई अनुभवहरू प्राप्त गरेर विद्यार्थीले, पाठ्यक्रमले विकास गर्ने उद्धेश्य राखेको सीपहरू, प्राप्त गर्न सक्दछन् । यसरी प्रयोगशाला तथा कार्यशालाहरू कुनै पनि पाठ्यक्रमको प्रमुख लगानी हुन पाठ्यक्रमको सफल कार्यान्वयनको लागी विद्यालयमा पुस्तकालय तथा अध्ययन कोठाको पनि व्यवस्था गर्नुपर्दछ । पाठ्यक्रमका कतिपय विषयवस्तुहरूमा स्वाध्ययनको आवश्यकता पर्दछ । यस बाहेक विद्यार्थीहरूले कतिपय सन्दर्भसामग्रीहरूको पनि अध्ययन गर्नुपर्ने हुन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि विद्यार्थीहरूले आफ्नो ज्ञानलाई आवधिक बनाउनु पर्ने आवश्यकता समेत पर्दछ । यस कार्यमा पुस्तकालय तथा सुविधासम्पन्न अध्ययन कोठाले प्रत्यक्ष योगदान गर्दछन् । सुविधा सम्पन्न पुस्तकालयले विद्यार्थीहरूलाई अध्ययनको लागि मात्र नभएर अनुसन्धान गर्नमा समेत सघाँउ पुऱ्याई पाठ्यक्रमको स्तरयुक्त कार्यान्वयनलाई सुनिश्चित पार्दछन् । यसरी उपयुक्त सामग्रीहरूलाई पाठ्यक्रमका एक महत्वपूर्ण लगानीको रुपमा लिन सकिन्छ ।

कैयूम (२०६४) का अनुसार अर्थशास्त्र व्यक्ति र समाजको आर्थिक गतिविधि र अन्र्तसंबन्धका विभिन्न पक्षहरूबारे अध्ययन गर्ने विषय हो । यस अन्तर्गत मनिसको आवश्यकता देखि लिएर उत्पादन, उपभोग, व्यापार, आय आर्जन  लगायतका विषयहरू तथा सानातिना उद्योगदेखि राष्ट्रिय अर्थव्यवस्था र अन्तराष्ट्रिय आर्थिक नीति जस्ता पक्षहरूबारे अध्ययन गरिन्छ । सामाजिक अध्ययन पाठ्यक्रमको संरचना तयार गर्दा व्यक्ति र समाजका आर्थिक पक्षलाई महत्वहीन बनाउन सकिदैन । खासगरी प्रथम विश्वयुद्धपछि विद्यालय स्तरीय पाठ्यक्रममा अर्थतन्त्र र आर्थिक व्यवस्था संबन्धि विषयवस्तुलाई समेट्न आवश्यक महशुस गरि क्रमशः सामाजिक अध्ययनको एउटा महत्वपूर्ण घटकको रुपमा यस विषयलाई मान्यता दिइयो ।

## २.३ अध्ययनको उपादेयता

शुरु-शुरुमा अर्थशास्त्र विषयको रुपमा विकसित थिएन । अर्थशास्त्र विषयमा दिइने ज्ञानलाई अन्य विषयहरूसँग आवद्ध गरेर दिने चलन थियो तर जसरी समय बित्दै गयो अर्थशास्त्रसंबन्धि धारणाहरू पनि प्रष्ट हुन थाल्यो र यो छुट्टै विषयको रुपमा विकसित  भयो । १७ औं शताब्दीतिर

वाणिज्यवादीहरूले राज्यको स्थायित्वका लागि धनको आवश्यकतामाथि जोड दिन थाले । उनीहरूले राज्यको भूमिकाको माध्यमबाट धनको अध्ययनलाई अर्थशास्त्रको प्रमुख विषयवस्तु मान्न थाले । अर्थशास्त्रलाई आधुनिक तथा वैज्ञानिक ढंगबाट परिभाषित गर्ने श्रेय सर्वप्रथम शास्त्रीय अर्थशास्त्री आडम स्मिथलाई  जान्छ । त्यसैले उनलाई अर्थशास्त्रका पिता पनि भनिन्छ । यसपछि अल्फ्रेड मार्सल, लायोनेल रबिन्स, तथा अन्य विद्धानहरूले अर्थशास्त्रलाई व्यवस्थित ढंगबाट आ-आफ्नै किसिमले परिभाषित गरेका छन् । आडम स्मिथले सर्वप्रथम १८ औँ शताब्दी अर्थात सन् १७७६ मा प्रकाशित आफ्नो पुस्तक "एन इन्क्वाइरी इन टु द नेचर एन्ड कलेज अफ वेल्थ अफ नेसन" छोटकरीमा "वेल्थ अफ नेसन" मा अर्थशास्त्रलाई परिभाषित गरेका छन् । उनका अनुसार "अर्थशास्त्र धनको विज्ञान हो " स्मिथले आफ्नो परिभाषामा धनको महत्वलाई बढी जोड दिएका छन् । त्यसैले उनले अर्थशास्त्रलाई धनको विज्ञान हो भनी परिभाषित गरेका छन् । यसको कार्यान्वयनको अवस्था पत्ता लगाई यसमा देखा परेका समस्याहरूको समाधानको खोजी समेत यस अध्ययनले गर्ने भएको हुँदा यस समस्यासँग संबन्धित विद्यार्थी, शिक्षक, अभिभावक लगायत संपूर्ण पक्षका लागि यो अध्ययन उपयोगी सावित हुनेछ ।

यस अध्ययनबाट के उपलब्धि भयो भने अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा अध्ययन अनुसन्धान गर्दा अनुसन्धान गरिएका विद्यालयमध्ये श्री जनता उ.मा.वि. र श्री कचना महादेव मा.वि.मा अर्थशास्त्र विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध रहेको र अन्य श्री ज्योति मा.वि., श्री कविर मा.वि. र श्री राष्ट्रिय उ.मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावको कारण पाठ्यक्रम कार्यान्वयनमा समस्या रहेको पाइयो । यस अध्ययनबाट के स्पष्ट हुन्छ भने पाठ्यक्रम शिक्षक निर्देशिकाका साथै शैक्षिक सामग्रीको अभावका कारण अर्थशास्त्र विषयको शिक्षण पाठ्यपुस्तकमा मात्र सीमित रहेको हुँदा यसको सफल कार्यान्वयनका लागि सरकार र विद्यालय पक्षबाट विशेष ध्यान पुऱ्याउनु पर्ने देखिएको पाइयो । यस अध्ययन अनुसन्धानले अनुसन्धानकर्तालाई ऐच्छिक विषयका रूपमा रहेको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनमा समस्या रहेको साथै अबका भावि दिनहरूमा कसरी कार्यान्वायन गरी समस्या समाधान गर्ने भन्ने सम्बन्धमा उपयोगी सावित भएको पाइयो । यस अनुसन्धानले सामुदायिक विद्यालयको आर्थिक अवस्था कमजोर विषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्री उपलब्ध गराउन नसक्नु, विषयगत रूपमा शिक्षकको पदपूर्ति गर्न नसक्नु जस्ता समस्याहरू अनुसन्धानकर्ताले प्रत्यक्ष रूपमा अवलोकन गरी यस्ता समस्याहरू पत्ता लगाएको कारण यो अध्ययन अनुसन्धानकर्तालाई उपयोगी रहेको पाइयो ।

## परिच्छेद : तीन

## अध्ययन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी र सहज तरिकाले सम्पन्न गर्नको लागि विभिन्न विधिहरू पुर्वनिर्धारित हुनुपर्दछ यसर्थ यस अध्ययनमा निम्नानुसारका विधि अवलम्बन गरिएको छ ।

| क्र.स. | उद्धेश्य | साधनहरू | प्रतिक्रियादाताहरू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी | स्रोतव्यक्ति |
| १. | पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन | अवलोकन | | ✓ | | ✓ | |
| | | अर्न्तवार्ता | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| | | लक्षित समूह छलफल | | ✓ | | | |
| | | दस्तावेज अध्ययन | स्रोतकेन्द्र अभिलेख, विद्यालय अभिलेख, प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरू | | | | |
| २. | पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू विश्लेषण गर्न | अवलोकन | | ✓ | | ✓ | |
| | | अर्न्तवार्ता | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| | | लक्षित समूह छलफल | | ✓ | | | |
| | | दस्तावेज अध्ययन | स्रोतकेन्द्र अभिलेख, विद्यालय अभिलेख, प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरू | | | | |
| ३. | पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू पत्ता लगाउन | अर्न्तवार्ता | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| | | प्रश्नावली | | | ✓ | ✓ | |
| | | लक्षित समूह छलफल | | ✓ | | | |
| | | दस्तावेज अध्ययन | स्रोतकेन्द्र अभिलेख, विद्यालय अभिलेख, प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरू | | | | |

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धानको अध्ययन गर्ने प्रकृति अनुसार अध्ययनका ढाँचा पनि फरक-फरक हुन्छन् । यस अध्ययनमा तथ्यांकहरूलाई गुणात्मक र परिमाणात्मक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनमा शिक्षकहरू र प्र.अ.हरूबाट प्राप्त सूचनाहरूलाई गुणात्मक तथा परिमाणात्मक ढंगले तथ्याङ्कीय विश्लेषण गरिएको छ । तसर्थ यस अध्ययनको ढाँचा मिश्रित प्रकृतिको रहेको छ ।

### ३.२ जनसंख्या

यो अध्ययन इटहरी स्रोतकेन्द्र अर्न्तगतका सामुदायिक विद्यालयहरूमा सीमित गरिएको हुँदा सबै विद्यालयका प्र.अ., मा.वि. तहमा अध्यापनरत शिक्षकहरू तथा विद्यार्थीहरू साथै अभिभावकहरूलाई सम्पूर्ण जनसंख्याका रुपमा लिइएको छ ।

### ३.३ नमुना छनौट प्रक्रिया तथा नमुनाको आकार

प्रस्तुत अध्ययनमा सुनसरी जिल्ला इटहरी स्रोतकेन्द्रभित्र पर्ने ३० वटा सामुदायिक विद्यालय मध्ये ५ ओटा सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकहरू तथा उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति यस अध्ययनका नमुनाका रुपमा रहेका छन् ।

#### ३.३.१ जिल्ला छनौट

अध्ययन तथा अनुसन्धानकर्तालाई तथ्यांक संकलन कार्य गर्न सुविधा पुग्ने गरी सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरी सुनसरी जिल्लालाई नमुनाको रुपमा छनौट गरिएको छ ।

#### ३.३.२ स्रोतकेन्द्र छनौट

अनुसन्धानकर्ताको सुविधालाई मध्यनजर गर्दै सुविधाजनक नमुना छनौट विधिको आधारमा सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्रहरूमध्ये इटहरी स्रोतकेन्द्रलाई छनौट गरिएको छ ।

#### ३.३.३ विद्यालय छनौट

सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरी सुनसरी जिल्ला अन्तर्गतका १२ वटा स्रोतकेन्द्र मध्ये इटहरी स्रोतकेन्द्र अर्न्तगतका ५ वटा सामुदायिक विद्यालयहरू छनौट गरिएको छ ।

### ३.३.४ शिक्षक छनौट

यस अध्ययन तथा अनुसन्धानलाई पूर्णता दिन नमुना छनौटमा परेका ५ वटै विद्यालयहरूबाट उद्देश्यात्मक नमुना छनौट विधिको प्रयोग गरी अर्थशास्त्र विषयका विषय शिक्षक १/१ जना गरी जम्मा ५ जना छनौट गरिएको छ ।

### ३.३.५ प्रधानाध्यापक र स्रोतव्यक्तिको छनौट

उद्देश्यात्मक नमुना छनौट विधिको प्रयोग गरी छनौटमा परेका ५ वटै विद्यालयका प्रधानाध्यापकहरू १/१ जना गरी जम्मा ५ जना र इटहरी स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई छनौट गरिएको छ ।

### ३.३.६ अभिभावकहरूको छनौट

छनौटमा परेका विद्यालयका मा.वि. तहमा अध्ययरत विद्यार्थीहरूको अभिभावकहरू मध्येबाट उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट २/२ जनाका दरले जम्मा १० जना अभिभावकको छनौट गरिएको छ ।

### ३.३.७ विद्यार्थी छनौट

प्रत्येक विद्यालयबाट माध्यमिक तहका २/२ जनाको दरले गोलाप्रथाद्वारा १० जना विद्यार्थीहरूलाई छनौट गरिएको छ ।

## ३.४ तथ्यांक संकलनको स्रोत

माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था संबन्धी यस अध्ययन अनुसन्धानमा तथ्यांकको स्रोतको रुपमा प्राथमिक तथा द्वितीय दुवै स्रोतहरूको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अर्न्तगत प्रत्यक्ष भेटघाट, अर्न्तवार्ता, प्रश्नावली, अवलोकन र छलफल  पर्दछन् । अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, स्रोतव्यक्तिलाई उनीहरूसँग नै आमने सामने भएर प्रश्नावली, अर्न्तवार्ता, अवलोकन र छलफलबाट सूचनाहरू संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन प्राथमिक स्रोतबाट प्राप्त सूचनाहरू मात्र पर्याप्त नहुने भएकाले द्वितीय स्रोतहरू स्रोतकेन्द्र अभिलेख, विद्यालय अभिलेख, पत्रपत्रिका तथा प्रकाशित पुस्तकहरूलाई लिइएको छ ।

### ३.५ तथ्यांक संकलनका साधनहरू

यस अध्ययन अनुसन्धानलाई पूर्णता दिनका लागि निम्न साधनहरूको निर्माण गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली

अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा देखिएका समस्याहरू, समाधानका उपायहरू विषयमा तथ्यांक संकलन गर्न प्र.अ. तथा शिक्षकको लागि प्रश्नावलीको प्रयोग गरिएको छ जुन प्रश्नावलीहरू क्रमशः अनुसूची १ र २ मा राखिएको छ । स्रोतव्यक्तिका लागि प्रश्नावली अनुसूची ६ बमोजिम र विद्यार्थीहरूका लागि प्रश्नावली अनुसूची ५ बमोजिम समावेश गरिएको छ ।

### ३.५.२ अन्तर्वाता अनुसूची

अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा देखिएका समस्याहरू, समाधानका उपायहरू बारेमा अभिभावकको बुझाई, विचार र धारणाहरू लिन अनुसूची ३ बमोजिमको अन्तर्वार्ता निर्देशिका बनाई अन्तर्वार्ता लिइएको छ ।

### ३.५.३ लक्षित समुह छलफल

अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था विषयमा छनौटमा परेका सबै विद्यालयका शिक्षकहरूलाई एकै ठाउँमा भेला गराई अनुसूची ४ बमोजिमको छलफल निर्देशिक तयार गरी समूह छलफल गरिएको छ ।

### ३.५.४ सर्वेक्षण फारम रुजुसूची

नमूना छनौटमा परेका विद्यालयहरूको पाठ्यक्रम कार्यान्वयनको अवस्था, पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरूबारे तथ्यांक संकलन गर्न रुजुसुची फारम अनुसुची ७ बमोजिम भराइएको छ ।

### ३.६ साधनहरूको वैद्यता र विश्वसनीयता

अध्ययन अनुसन्धान गर्नका लागि बनाइएका साधनहरूको वैद्यता निर्धारण गर्नका लागि साधनहरूको निर्माण गरी निर्देशकको सल्लाह तथा छलफलद्वारा अन्तिम रुप प्रदान गरी वैद्यता र विश्वसनीयता निर्धारण गरिएको छ ।

### ३.७ तथ्यांक संकलन प्रक्रिया

छनौटमा परेका विद्यालयहरूमा स्वयम् अनुसन्धानकर्ता उपस्थित भई प्राथमिक तथ्यांक संकलनका लागि ५ ओटै विद्यालयका छनौट गरिएका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति आदिसँग छुट्टा छुट्टै छलफल, अर्न्तवार्ता गर्नुका साथै पूर्व निर्मित प्रश्नावलीको समेत प्रयोग गरी अर्न्तवार्ता लिइएको छ । साथै विद्यालयमा अध्यापन गराइने अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कार्यान्वयनमा देखिएका समस्याहरू, समस्या समाधानका उपायहरू सम्बन्धी तथ्यांकहरू संकलन गरिएको छ ।

### ३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया

यस अनुसन्धानको उद्देश्य अनुरुपको निष्कर्ष निकाल्न प्राथमिक स्रोत र द्वितीय स्रोतका रुपमा संकलन गरिएका तथ्यांक एवम् सूचनाहरूको व्याख्या र विश्लेषण गरिएको छ भने केही तथ्यांक एवं सूचनाहरूलाई आवश्यकता अनुसार गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी व्याख्यात्मक रुपले विश्लेषण गरिएको छ ।

# परिच्छेद - चार

## नतिजाको विश्लेषण र व्याख्या

प्रस्तुत स्थलगत अध्ययन सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र अन्तर्गत छनोटमा परेका ५ वटा विद्यालयहरूमा माध्यमिक तह अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन गरिएको हो । विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अवसथा, कार्यान्वयनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरूका लागि विद्यालयका प्र.अ., विषय शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति आदिसँग छुट्टाछुट्टै प्रश्नावली तयार गरी त्यसको आधारमा तथ्याङ्कको सङ्कलन गरिएको थियो । यसरी प्राप्त प्राथमिक र द्वितीय तथ्याङ्कलाई तोकिएका उद्देश्यहरूका आधारमा निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :

### ४.१ माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

ऐच्छिक विषयमा समावेश यो विषयको पाठ्यक्रम कार्यान्वयन विद्यालयको तर्फबाट उपलब्ध गराए तापनि शिक्षकहरूले पाठ्यक्रमलाई महत्त्व नदिइकन पाठ्यपुस्तकलाई मात्र बढी प्रयोग गर्नाले पाठ्यक्रम भित्रका सम्पूर्ण विषयवस्तुहरूलाई समेट्न नसकेको अवस्था विद्यमान रूपमा रहेको पाइन्छ । शिक्षक तालिम प्राप्त भएता पनि तालिमको उचित प्रयोग नगरी किताबलाई मात्र महत्त्व दिई अध्यापन गराइएको अवस्था देखिएको छ ।

#### ४.१.१ शैक्षिक सामग्रीको अवस्था विश्लेषण

विषयवस्तुको प्रकृतिलाई हेरी जतिसक्दो स्थानीय स्तरमा उपलब्ध भएका शैक्षिक सामग्री लगायत सस्तो मूल्यमा विद्यालयले किन्न सक्ने सामग्रीहरू प्रयोग गर्दै अध्यापन कार्य सञ्चालन गरिएको पाइएको छ । पाठको प्रकृति अनुसार विषयवस्तुसँग मिल्दोजुल्दो विद्यालयमा उपलब्ध साथै विद्यार्थी स्वयम्लाई स्थानीय रूपमा उपलब्ध सामग्रीहरू चार्ट, विभिन्न तथ्याङ्कहरू ल्याउन लगाएर शिक्षण सिकाइ कार्य सञ्चालन गरेको पाइएको छ । अनुसन्धान गरिएका विद्यालय मध्ये श्री जनता उ.मा.वि. र श्री कचना महादेव मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो भने अन्य श्री ज्योति मा.वि., श्री कविर मा.वि., श्री राष्ट्रिय उ.मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव रहेको पाइयो ।

### ४.१.२ शिक्षण विधि अवस्था विश्लेषण

व्याख्या विश्लेषण पाठ्यपुस्तकमा आधारित रही शिक्षक केन्द्रित विधिको प्रयोग गरेर शिक्षक मात्र सक्रिय रही विद्यार्थीलाई कुनै पनि क्रियाकलाप गर्न नलगाई शिक्षकले आफ्नो तरिकाले व्याख्यान विधि प्रयोग गरी शिक्षण सिकाइ कार्य गरेको पाइएको छ । साथै शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग नगरी, विना पाठयोजना, विद्यार्थी सक्रियतामा ध्यान नदिइकन पुरानो ढाँचामा शिक्षण सिकाइ गरिरहेको पाइयो ।

### ४.१.३ पाठ्यपुस्तकको उपलब्धता

नमुना छनोटमा परेका विद्यालयहरू मध्ये श्री कचना मा.वि.मा अर्थशास्त्र विषयको पाठ्यपुस्तक सम्पूर्ण विद्यार्थीहरूमा पुऱ्याउन नसकेको अवस्था प्र.अ.श्री केशव सुवेदीले बताउनु भयो र अन्य विद्यालयहरूमा विद्यार्थीहरूसँग पाठ्यपुस्तक उपलब्ध रहेको पाइयो । पाठ्यपुस्तकलाई मात्र विशेष महत्त्व दिई शिक्षकहरूले शिक्षण गरिरहेको पाइयो ।

### ४.१.४ पाठ्यक्रमको उपलब्धता

नमुना छनोटमा परेका विद्यालयहरूमध्ये श्री जनता उ.मा.वि.र श्री कचना मा.वि.मा कक्षा ९ को अर्थशास्त्र विषयको पाठ्यक्रम विद्यालयमा उपलब्ध रहेको पाइयो भने श्री ज्योति मा.वि., श्री कविर मा.वि. र श्री राष्ट्रिय उ.मा.वि.मा पाठ्यक्रम उपलब्ध नभएको पाइयो । सामुदायिक विद्यालयको आर्थिक अवस्था कमजोर सरकार र राज्य पक्षबाट ध्यान नदिएको कारण पाठ्यक्रमको उपलब्धतामा समस्या रहेको पाइयो ।

### ४.१.५ तालिम प्राप्त शिक्षक

नमुना छनोटमा परेका पाँचैओटा सामुदायिक विद्यालयहरूमा सबै शिक्षकहरू तालिम प्राप्त रहेको भएता पनि शिक्षण कार्यमा तालिमको उचित प्रयोग नगरी शिक्षण गरेको पाइयो । तालिममा सिकेका कुराहरू शिक्षणका क्रममा प्रयोगमा नल्याई पाठ्यपुस्तकलाई मात्र केन्द्रित गराएर शिक्षण गरिरहेको पाइयो ।

### ४.१.६ शैक्षिक सामग्रीको उपलब्धता

शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धी जानकारीका लागि प्रश्न गर्दा श्री ज्योति मा.वि.का प्र.अ. श्री भैरव प्र. सापकोटाका अनुसार विद्यालयले किन्न सक्ने सस्तो मूल्य पर्ने साथै स्थानीय स्तरमा

उपलब्ध शैक्षिक सामग्रीहरूलाई प्रयोग गरिएको पाइन्छ । विद्यालयमा अर्थशास्त्रसँग सम्बन्धित त्यस्ता शैक्षिक सामग्रीहरू उपलब्ध नभएको पाइन्छ । त्यसैगरी अर्थशास्त्र विषयका विषय शिक्षक अनिला ढकालका अनुसार पाठका आवश्यकता अनुसार विषयवस्तुलाई मध्यनजर गर्दै शिक्षकले स्वयम् निर्माण गरी चार्ट, विभिन्न तथ्याङ्कहरू, ग्राफ आदिको प्रयोग गरी शिक्षण गर्ने तथा कतिपय विद्यार्थीहरूलाई स्वयम् निर्माण गर्न लगाई शिक्षण गर्ने गरेको बताउनु भयो ।

अनुसन्धानकर्ता स्वयम् उपस्थित भई गरिएको अवलोकनका क्रममा पनि विद्यालयमा अर्थशास्त्र सम्बन्धी शैक्षिक सामग्री उपलब्ध नभएको पाइयो । विद्यालयको तर्फबाट जतिसक्दो अर्थशास्त्र सम्बन्धी शैक्षिक सामग्रीहरू ल्याउने तयारीमा रहेको पाइयो ।

### ४.१.७ शिक्षक निर्देशिका र विशिष्टीकरण तालिकाको प्रयोग

अनुसन्धान गरिएका ५ वटै विद्यालयबाट के स्पष्ट हुन्छ भने शिक्षकहरूद्वारा विशिष्टीकरण तालिकाको निर्माण नगरी शिक्षण गरिएको अवलोकनका क्रममा पाइयो भने श्री जनता उ.मा.वि. र श्री कचना महादेव मा.वि.मा शिक्षक निर्देशिका उपलब्ध रहेको तर अन्य विद्यालयहरू श्री ज्योति मा.वि., श्री कविर मा.वि. र श्री राष्ट्रिय उ.मा.वि.मा शिक्षक निर्देशिका नभएको अवलोकनका क्रममा देखियो । जसले गर्दा शिक्षक निर्देशिका नभएका विद्यालयहरूमा शिक्षण सिकाइ कार्य केवल पाठ्यपुस्तकमा मात्र सीमित गरेर सञ्चालन गरिएको पाइयो ।

## ४.२ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू

सामान्य रूपमा भन्नुपर्दा पाठ्यक्रमलाई शैक्षिक संस्थामा वा विद्यालयमा लागू गर्नु वा कार्यान्वयन गर्नु नै पाठ्यक्रमको कार्यान्वयन हो । अर्को शब्दमा निर्धारित शैक्षिक लक्ष्य प्राप्तिका लागि पाठ्यक्रमलाई व्यवहारिक रूपबाट विद्यालयीय अभ्यासमा लागू गराउनु नै पाठ्यक्रमको कार्यान्वयन हो । पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूलाई निम्न उपशीर्षक भित्र रहेर अध्ययन गरिएको छ ।

### ४.२.१ शैक्षिक सामग्रीको अपर्याप्तता

अध्ययनका क्रममा श्री कविर मा.वि.की विषय शिक्षक श्री छत्रकुमारी याख्खाका अनुसार अर्थशास्त्र सम्बन्धी शैक्षिक सामग्रीहरू विद्यालयले पर्याप्त मात्रामा उपलब्ध नगराएको, शिक्षक स्वयम्ले पाठसँग मिल्दोजुल्दो चार्ट ग्राफको प्रयोग गरेर शिक्षण गर्ने गरेको पाइयो । साथै शिक्षकले विद्यार्थीलाई आफ्नो गाउँघर वरपर भएका पाठसँग मिल्ने सामग्रीहरूलाई खोज्न लगाएको पाइयो ।

तसर्थ अनुसन्धान गरिएका ५ वटै विद्यालयमा ऐच्छिक विषयका रूपमा रहेको यस अर्थशास्त्र विषय सम्बन्धी शैक्षिक सामग्रीहरू विद्यालयले उपलब्ध नगराएको अवस्था पाइएको छ ।

### ४.२.२ विषयगत शिक्षकको समस्या

अर्थशास्त्र विषयसँग सम्बन्धित शिक्षकको अभाव अनुसन्धानबाट पाइएको छ । किनकि ऐच्छिक विषय अध्ययन नगरेको शिक्षकले यस विषयलाई अध्यापन गराइरहेको पाइयो । इटहरी स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री जनक बस्नेतका अनुसार यस्तो समस्या हुनुको मुख्य कारण विद्यालयमा शिक्षक भएता पनि सम्बन्धित विषयको विषय शिक्षकको अभाव, विद्यालयको आर्थिक समस्याले गर्दा सम्बन्धित विषय शिक्षकको पदपूर्ति नगर्नु जसले गर्दा समस्या उत्पन्न भएको देखियो ।

### ४.२.३ शिक्षण विधि छनोटमा समस्या

शिक्षक तालिम प्राप्त भएता पनि तालिमको उचित प्रयोग नगरी पाठ्यपुस्तमा आधारित रही आफ्नै तरिकाले शिक्षण गरेको पाइएको छ । साथै शिक्षक मात्र एकोहोरो भाषण गरी पुरानो पद्धति व्याख्यात्मक विधिलाई मात्र अवलम्बन गरेको पाइयो । समग्रमा अनुसन्धानमा परेका विद्यार्थी तथा अभिभावकलाई प्रश्न गर्दा शिक्षक आफू मात्र सक्रिय भई विद्यार्थीलाई पूर्ण रूपमा निस्क्रिय बनाई अध्यापन गराइएको पाइयो ।

### ४.२.४ सन्दर्भ सामग्रीको अपर्याप्तता

श्री जनता उ.मा.वि. र श्री कचना महादेव मा.वि.मा सन्दर्भ सामग्रीहरू उपलब्ध भएको देखियो भने बाँकी तीनवटा विद्यालयहरूमा ऐच्छिक विषयको रूपमा रहेको अर्थशास्त्र विषय सम्बन्धी सन्दर्भ सामग्रीहरू विद्यालयले उपलब्ध नगराएको कारण शिक्षकले आफूसँग भएको नोट, डायरी र पाठ्यपुस्तकमा मात्र सीमित रहेर शिक्षण गरेको अवलोकनबाट देखियो ।

## ४.३ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू

हाल पाठ्यक्रम कार्यान्वयनमा निकै समस्या देखिएको पाइन्छ । किनकि सामुदायिक विद्यालयको आर्थिक अवस्था कमजोर कतिपय विद्यालय निजी स्रोतबाट सञ्चालन भएको साथै विद्यालयमा पाठ्यक्रमको अभाव शिक्षक निर्देशिका विद्यालयले उपलब्ध गराउन नसक्नु मुख्य कारण भएकाले शिक्षकहरूलाई शिक्षण सिकाइ कार्यमा असहज भएको अवस्था पाइएको छ ।

पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान सम्बन्धमा निम्नानुसार व्यक्तिहरूको अवधारणाबाट प्रष्ट पार्न सकिन्छ ।

### ४.३.१ प्रधानाध्यापकद्वारा प्राप्त प्रतिक्रिया

विद्यालयमा अर्थशास्त्र विषयको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन कसरी गर्न सकिन्छ भनी सोधिएको प्रश्नमा श्री जनता उ.मा.वि.का प्र.अ. श्री छत्रपति ढुङ्गेलका अनुसार नीति नियमहरू बनाइनु पर्दछ र त्यसलाई कडाइका साथ पालना गराइनु पर्छ । विद्यालयलाई राज्य पक्षबाटै सम्बोधन गरिनु पर्दछ । विभिन्न कार्यक्रमहरू मार्फत् अभिभावकहरूलाई चेतना स्तर वृद्धि गराउन जरुरी छ ।

त्यसैगरी श्री राष्ट्रिय उ.मा.वि.का प्र.अ. श्री ऋषि खनालका अनुसार राज्यपक्षबाट प्र.अ. तथा शिक्षकहरूलाई विषयगत तालिम अनिवार्य रूपमा दिइने व्यवस्था गरिनु पर्दछ । विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरी कुनै पनि खाले बन्द तथा अड्तालका कारण विद्यालयहरू बन्द गर्ने अवस्थाको अन्त्य गरिनु पर्दछ । श्री कचना मा.वि.का  प्र.अ. श्री केशव सुवेदीका अनुसार समयसापेक्ष ढङ्गले शिक्षकका सेवा सुविधाहरूमा वृद्धि गरिनु  पर्दछ । समग्रमा हेर्दा हरेक ५/५ वर्षमा पाठ्यक्रमलाई पुनः मूल्याङ्कन गरी बदलिएको परिवेश अनुसार समय सापेक्ष बनाइनु पर्दछ भन्ने जस्ता प्रतिक्रियाहरू प्र.अ.हरूबाट प्राप्त भयो ।

### ४.३.२ विषय शिक्षकहरूद्वारा प्राप्त प्रतिक्रिया

पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू कसरी सुधार गर्न सकिएला भनी सोधिएको प्रश्नको उत्तरमा श्री कचना महादेव मा.वि.का अर्थशास्त्र विषयका विषय शिक्षक श्री गणेश प्रसाद न्यौपानेका अनुसार सबैभन्दा पहिले त बन्द हड्ताल जस्ता कार्यहरूलाई रोक्नु पर्दछ र विद्यालयलाई शान्त वातावरणमा सञ्चालन गरिनु पर्दछ । साथै पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन विद्यालय, शिक्षक, अभिभावक तथा विद्यार्थी गरी चारवटै पक्ष बीच समन्वय, सहमति, समझदारी तथा सहयोगको भावना सिर्जना गरिनु पर्दछ । विद्यालयमा पर्याप्त मात्रामा आवश्यक भौतिक साधनहरूको उपयुक्त व्यवस्था गरिनु पर्दछ । पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य पाठ्यवस्तुसँग मिल्ने शैक्षिक सामग्रीको उचित व्यवस्था हुनु पर्दछ ।

त्यसैगरी श्री जनता उ.मा.वि.का अर्थशास्त्र विषयका विषय शिक्षक श्री रोमकुमारी अधिकारीका अनुसार समय समयमा शिक्षकहरूका लागि अभिमुखीकरण तालिमको व्यवस्था गरिनु पर्दछ ।

### ४.३.३ विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया

पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित समस्याको सम्बन्धमा छनोटमा परेका विद्यालयहरूमा गई अन्तर्वार्ताको माध्यमबाट विभिन्न प्रश्नहरू गरिएको थियो, जसअनुसार विद्यार्थीहरूबाट आएका प्रतिक्रियाका एकमुष्ट सारलाई प्रस्तुत गरिएको छ । उनीहरूका अनुसार विद्यालय नियमित खुल्ने वातावरणको सृजना गरिनु पर्दछ । समयमा कक्षामा नआउने तथा पाठ योजना विना नै अध्यापन गर्ने शिक्षकहरूलाई निश्चित नियम बनाउनु पर्ने साथै कार्वाहीको व्यवस्था गरिनु पर्ने, विद्यालयमा उपयुक्त किसिमको पठन पाठनका लागि वातावरणको सृजना गरिनुपर्ने, शिक्षकले आफैँ निर्माण गर्न नसक्ने शिक्षण सामग्रीहरूको व्यवस्था विद्यालयबाट अनिवार्य रूपमा उपलब्ध गराउनु पर्दछ । समयको मागलाई बुझेर पाठ्यक्रमको विकास तथा परिमार्जन गरिनु पर्दछ भन्ने जस्ता प्रतिक्रियाहरू विद्यार्थीहरूबाट प्राप्त भएका छन् ।

### ४.३.४ अभिभावकहरूबाट प्राप्त प्रतिक्रिया

सबै प्रतिक्रिया दाताहरूसँग मिल्दाजुल्दा नै प्रतिक्रियाहरू अभिभावकहरूबाट प्राप्त भएका छन् । विद्यालय नियमित रूपमा सञ्चालन हुने वातावरणको सिर्जना गरिनु पर्दछ । शैक्षिक प्रशासनलाई मजबुद बनाइनु पर्दछ । पाठ्य सामग्रीको प्रयोगलाई बढाइनु पर्दछ । नियमको पालना नगर्ने शिक्षक तथा विद्यार्थीहरूलाई कार्वाहीको व्यवस्था गर्नु पर्दछ । विद्यालयलाई कुनै राजनीतिबाट टाढै राख्नुपर्दछ । शैक्षिक सत्रभित्र अनिवार्य रूपमा पाठ पढाइसक्ने नियम बनाइनु पर्दछ । अर्थशास्त्र विषय अध्यापनका लागि विषयगत विशेषज्ञता भएको शिक्षकको नियुक्ति गरिनु पर्दछ । शिक्षण कार्य गर्दा शैक्षिक सामग्रीको प्रयोग गरिनु पर्दछ । शिक्षक तालिमलाई सेवा प्रवेशको अनिवार्य शर्त बनाइनु पर्दछ भन्ने जस्ता प्रतिक्रियाहरू अभिभावकबाट प्राप्त भएको पाइयो ।

### ४.३.५ स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रिया

अध्ययन अनुसन्धानका क्रममा नमुना छनोटमा परेका इटहरी स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री जनक बस्नेतका अनुसार राज्य पक्षबाट शिक्षकहरूका लागि समय-समयमा विभिन्न तालिमहरू पुनर्ताजगी तालिम, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम आदिको व्यवस्था गरिनु पर्दछ । शिक्षकहरूलाई पाठ्यक्रम र शिक्षक निर्देशिकाको अनिवार्य रूपमा उपलब्ध गराउनु पर्दछ । विद्यालयको तर्फबाट पाठसँग मिल्ने शैक्षिक सामग्री उपलब्ध गराउनु पर्दछ । समय समयमा विद्यालय अनुगमन अनिवार्य रूपमा गरिनु पर्दछ । विद्यालयहरू नियमित सञ्चालन गरिनु पर्दछ ।

# परिच्छेद - पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

पाठ्यक्रमको निर्माणलाई जति महत्त्वपूर्ण कार्य मानिन्छ त्यसको कार्यान्वयन पक्ष पनि उत्तिकै बढी महत्त्वपूर्ण हुन्छ । राम्रो पाठ्यक्रम बनेर मात्र त्यसले राखेको अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिदैन । त्यसका लागि कार्यान्वयन पक्ष उत्तिकै प्रभावकारी हुनु पनि जरुरी हुन्छ । यसका लागि सम्बन्धित निकायले बेलैमा सचेत भई निर्दिष्ट मार्गदर्शन गर्न सक्छ । नमुना छनोटमा परेका विद्यालयका प्र.अ.हरूसँगको अन्तर्वार्ता, अर्थशास्त्र विषयका विषय शिक्षकहरूसँगको कक्षा अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल, विद्यार्थी तथा अभिभावकहरूसँगको अन्तर्वार्ता, छलफल, स्रोतव्यक्तिसँगको अन्तर्वार्ता तथा विभिन्न लिखित दस्तावेज, पुस्तकहरू र पत्रपत्रिकाबाट प्राप्त प्राथमिक सूचना र द्वितीय सूचनाको आधारमा माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनका सम्बन्धमा निम्न प्राप्ति, निष्कर्ष र सुझाव पाइएको छ ।

## ५.१ प्राप्ति

शिक्षा मानव विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । शिक्षालाई आर्थिक, सामाजिक, व्यक्तिगत उन्नति गर्नका लागि आवश्यक जीवनोपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसको सामार्थ्य वृद्धि गर्ने एक शक्तिका रूपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा महत्त्वपूर्ण ज्ञानको ज्योति हो । माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी गरिएको अध्ययन अनुसन्धानका निम्नानुसारका प्राप्तिहरू रहेका छन् -

१. ऐच्छिक प्रथम विषयमा समावेश अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयन विद्यालयको तर्फबाट सहज रूपमा गर्दै आइएको भए पनि कतिपय पाठ्यक्रम भित्रका विषयवस्तुहरू कार्यान्वयन गर्न कठिन भएको पाइयो ।

२. शिक्षक निर्देशिकाको अभावमा पाठ्यक्रममा रहेका सबै विषयवस्तुहरूलाई समाधान गर्न नसकेको र उक्त निर्देशिका ल्याउने प्रयत्न विद्यालयको तर्फबाट भइरहेको पाइयो ।

३. पाठ्यक्रमले समेटेका सबै विषयवस्तुहरूलाई विद्यार्थीको पहुँचसम्म पुऱ्याउनका लागि जतिसक्दो सन्दर्भ सामग्री निर्देशिकाको प्रयोग गर्दै उपयुक्त शिक्षण विधिबाट अध्यापन गराउनु पर्ने देखियो ।

४. शिक्षणका क्रममा नयाँ नयाँ शिक्षण विधिहरूको प्रयोग गर्ने क्रममा शिक्षक निर्देशिकाको अभावमा सबै विषयवस्तु (कक्षा कार्य) उपयुक्त तरिकाबाट प्रष्ट्याउन नसकिएको  पाइयो ।

५. विषयवस्तुको प्रकृतिलाई हेरी जतिसक्दो स्थानीय स्तरमा उपलब्ध भएका शैक्षिक सामग्री लगायत सस्तो मूल्यमा विद्यालयले किन्न सक्ने सामग्रीहरू प्रयोग गर्दै अध्यापन कार्य गरिएको पाइयो ।

६. बदलिदो परिवेश तथा अन्तर्राष्ट्रिय अवस्थालाई सहज रूपमा बुझ्नका लागि यो विषय अत्यन्तै आवश्यक भएको पाइयो ।

७. अर्थशास्त्र विषयको पाठ्यक्रमको क्रम जति सहि मात्रामा मिल्नुपर्ने हो त्यो क्रम राम्रोसँग नमिलेको पाइयो ।

८. अनुसन्धानमा रहेका विद्यालयका शिक्षकहरू सबै तालिमप्राप्त रहेको पाइयो ।

९. शिक्षक, प्रधानाध्यापक, अभिभावक संघ, वि.व्य.स., विद्यार्थी लगायतका सबैसँग सामुहिक छलफल गर्दै शिक्षकहरूलाई प्र.अ.को तर्फबाट व्यवस्थित बनाउने प्रयत्न गरिरहेको पाइयो ।

१०. सुनेको कुरा छिटो बिर्सन्छ, गरेको कार्य चिरस्थायी हुन्छ, देखेको कुरा सुनेको भन्दा लामो समयसम्म सम्झिन सकिन्छ जसले गर्दा विद्यार्थीहरूमा शिक्षण सामग्रीको प्रयोग गर्दा प्रत्यक्ष असर देखिएको पाइयो ।

११. प्र.अ.का तर्फबाट शिक्षकहरूलाई पुनर्ताजगी तालिममा सहभागी गराएको पाइयो ।

१२. अर्थशास्त्र विषयले दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न उपयुक्त सीप प्रदान गर्ने प्रयास गरेको पाइयो जस्तै असीमित आवश्यकता सीमित साधनबाट पूरा गर्ने सीपको ज्ञान आवश्यकता छनोट गर्ने आवश्यकताको महत्त्व बुझ्न सक्ने जस्ता कुराहरू सहज ढङ्गबाट पूरा गर्न सकिने सीपको विकास गरेको पाइयो ।

१३. उच्च शिक्षा अध्ययन गर्न विद्यालय स्तरको अर्थशास्त्र विषयले एउटा महत्त्वपूर्ण शैक्षिक आधार प्रदान गरेको पाइयो । किनकी जोकोही विद्यार्थी पछि गएर एउटा कुशल देशको कर्णधार प्रभावशाली व्यक्ति बन्ने हुँदा अर्थशास्त्र विषय एउटा देश विकास गर्नका लागि अति आवश्यक विषय भएकाले यसको भूमिका महत्त्वपूर्ण रहेको पाइयो ।

१४. अर्थशास्त्र विषयको अध्ययन अन्य सामाजिक विज्ञानका विषयहरूको गहन अध्ययन गर्नका लागि आवश्यक रहेको पाइयो ।

१५. विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको अभाव रहेको पाइयो ।

१६. अध्ययन गरिएका विद्यालयमध्ये श्री जनता उ.मा.वि. र श्री कचना महादेव मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो ।

१७. शिक्षक तालिम प्राप्त भए पनि तालिमको उचित प्रयोग नगरेको पाइयो ।

१८. विषयगत शिक्षकको अभाव रहेको पाइयो ।

## ५.२ निष्कर्ष

मानव विकासको सबैभन्दा महत्त्वपूर्ण पक्ष मध्ये शिक्षा पनि हो । शिक्षालाई व्यक्तिगत उन्नति गर्नका लागि आवश्यक जीवनोपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसको सामार्थ्य वृद्धि गर्ने एक शक्तिका रुपमा लिइन्छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा महत्त्वपूर्ण प्राथमिकता मध्येको एक हो । आजको वैज्ञानिक युगमा शिक्षा क्षेत्रमा नयाँ शैक्षिक प्रविधि एवम् जनशक्ति उत्पादन गर्न सकिन्छ । शिक्षाक्षेत्रमा विभिन्न अभियान र कार्यक्रमहरू भएता पनि यसमा विभिन्न अवरोध तथा सीमाहरू रहेका छन् । राज्यले सबैका लागि शिक्षा, निशुल्क शिक्षा, प्रौढ शिक्षा, समावेशी शिक्षा, समाहित शिक्षा जस्ता विभिन्न कार्यक्रमहरू तथा योजनाहरू ल्याए पनि सामुदायिक विद्यालयको अवस्था, अध्याधिक विद्यार्थी चाप, भौतिक पूर्वाधारको कमी, विद्यालयको पहुँच, पछौटेपन जस्ता मुलभूत पक्षको अभावका साथ सर्वसुलभ गरिनु पर्ने पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, स्वाध्ययन सामग्री, मुद्रित एवम् अप्रकाशित शैक्षिक सामग्री र ठोस र चित्रात्मक सामग्रीको बढी प्रयोग गर्ने र श्रव्यदृश्य सामग्री प्रयोग गरी विषयगत, सान्दर्भिकता र प्रभावकारिता दृष्टिगत गरी शिक्षण गरेमा त्यस विषयसँग सम्बन्धित ज्ञान, सीप एवम् धारणामा अभिवृद्धि हुने देखिन्छ । यस शोधपत्र माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या र ती समस्या समाधानका उपायहरू पत्ता लगाउन गरिएको थियो । सामुदायिक विद्यालयको आर्थिक समस्याका कारण विद्यालयले पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउन नसक्नु, शिक्षकहरू तालिम प्राप्त भएता पनि तालिमको उचित प्रयोग नगर्नु, विद्यालयले सस्तो मूल्यमा पाइने शैक्षिक सामग्रीहरूमात्र उपलब्ध गराउनु, शिक्षकले विना पाठयोजना शिक्षण गर्नु, विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव रहनु, शिक्षक पाठ्यपुस्तकमा मात्र सीमित रही शिक्षण कार्य सञ्चालन गर्नु, विषयगत रूपमा दक्ष शिक्षक नहुनु

जस्ता समस्याहरू नमुना छनोटमा परेका विद्यालयका प्र.अ., विषय शिक्षक, अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति आदिको अन्तरक्रियाद्वारा पाइयो ।

यस्ता समस्याहरू समाधान गर्नका लागि राज्यपक्षबाट विद्यालयको आर्थिक अवस्था मजबुत बनाउनु पर्ने विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्ने, विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, विषयगत रूपमा दक्ष शिक्षकको प्रबन्ध गर्नुपर्ने, प्रत्येक विद्यालयमा विषयसँग सम्बन्धित पाठ्यक्रम र शिक्षक निर्देशिका शिक्षकहरूलाई उपलब्ध गराउनु पर्ने, विद्यार्थीका दैनिक जीवनमा भएका व्यवहारिक समस्याहरू समाधान गर्नका लागि ज्ञानको विकास, अन्य विषयहरू वा उच्च शिक्षा अध्ययनका लागि सहयोगी तथा समय सापेक्ष ढङ्गका व्यवहारहरू निर्माण गर्दै जीवन स्तरलाई उच्च बनाउन प्रेरणा गर्नुका साथै उच्च अध्ययनका लागि आवश्यक आधारभूत ज्ञानको विकास गर्न सकिने खालका उद्देश्य तथा विषयवस्तु भए पनि कार्यान्वयन पक्षमा समस्याहरू देखा परेका छन् । नियमित विद्यालय नखुल्नु, खुलेका बेला पनि शिक्षक तथा विद्यार्थीको उपस्थिति कम हुनु, विद्यालयमा शैक्षिक वातावरणको व्यवस्थापन गर्न नसक्नु, विद्यालय प्रशासन कमजोर देखिनुका साथै राज्य पक्षले वेवास्ता गर्नु जस्ता समस्याहरू पाठ्यक्रम कार्यान्वयनमा देखिए पनि यसको निराकरणका लागि विद्यालयलाई शान्त वातावरणमा नियमित रूपमा सञ्चालन गर्दै विद्यालयका लागि पर्याप्त मात्रामा लगानीको वृद्धि गरिनुका साथै नियमित अनुगमन गर्ने व्यवस्था मिलाएर उपरोक्त समस्याहरूको समाधान गर्न सकिने निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका विद्यालयका प्र.अ., विषय शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू तथा स्रोतव्यक्तिबाट प्राप्त सूचनाको विश्लेषणबाट निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ -

### ५.३.१ नीतिगत तह

नीति सम्बन्धी अनुसन्धानलाई निर्णय निर्माण प्रक्रिया अन्तर्गत विभिन्न नीतिहरू निर्माण तथा कार्यान्वयन गर्न प्रयोग गरिन्छ । माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा लेखिएको यस शोधपत्रमा निम्नानुसारका नीतिहरू उल्लेख गरिएको छ -

क) पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षकहरूलाई विशेष तालिमको व्यवस्था गर्ने नीति निर्माण गर्नुपर्ने,

ख) शिक्षक सेवा आयोग प्रत्येक वर्ष खुलाई विषयगत शिक्षकको पदपूर्ति सम्बन्धी नीति निर्माण गर्नुपर्ने,

ग) आधुनिक प्रविधि अनुसार शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने नीति निर्माण गर्नुपर्ने,

घ) देशको हावापानी  र माटो सुहाउँदो भौगोलिक अवस्थालाई मध्यनजर गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने,

ङ) नेपालको शिक्षा नीति समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने ।

**५.३.२ अभ्यास तह**

क) प्रत्येक विद्यालयमा पाठ्यक्रम अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने,

ख) विद्यालयले शैक्षिक सत्र सुरु हुनुभन्दा पहिल्यै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीहरू उपलब्ध गराउनु पर्ने,

ग) प्रत्येक विद्यालयमा विषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने,

घ) शिक्षकलाई समय समयमा पुनर्ताजगी तालिममा सहभागी गराउनु पर्ने,

ङ) माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यपुस्तक आकर्षक र विषयवस्तुहरू स्पष्ट रूपमा समावेश गरिएको हुनुपर्ने,

**५.३.३ अनुसन्धान तह**

क) शिक्षकहरूले कार्यगत अनुसन्धानमा ध्यान दिनुपर्ने,

ख) हामी जस्तै विद्यार्थीहरू बाहेक अन्य सरोकारवाला व्यक्तिहरूले पनि अनुसन्धान गर्नुपर्ने,

ग) पाठ्यक्रम कार्यान्वयन सम्बन्धी पाठ्यक्रम विकास केन्द्रले समेत विशेष अनुसन्धान गर्नुपर्ने,

घ) पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन र त्यसमा देखिएका समस्या समाधान गर्नका लागि थप अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद र आनन्द पौडेल (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,*

अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षण दिग्दर्शन,* बागबजार, काठमाडौँ, आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *माध्यमिक शिक्षक दिग्दर्शन,* बागबजार काठमाडौँ, आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, विष्णुमणि (२०६४), *पाठ्यक्रम योजना र अभ्यास सहायक,* पुतलीसडक काठमाडौँ : प्रशान्ति प्रकाशन ।

कुसियैत, विनयकुमार र साथीहरू (२०५६), *अर्थशास्त्र कक्षा ९,* जनक शिक्षा सामाग्री केन्द्र, सानोठिमी भक्तपुर

कैयूम, अब्दुल (२०६४), *सामाजिक अध्ययन शिक्षण,* पुतलीसडक, काठमाडौँ : प्रशान्ति प्रकाशन ।

खनाल, श्रीप्रसाद (२०५९), *उच्च तथा न्यून शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

खनाल, श्रीप्रसाद तथा साथीहरू (२०६५), *शिक्षाको परिचय,* कीर्तिपुर काठमाडौँ : जुपिटर पब्लिसर्स एण्डर्स डिष्ट्रिव्युटर्स ।

गुरागाईं, कपिलप्रसाद (२०६७), *सामुदायिक प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको प्रभावकारीता,* शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुकुना ब. क्याम्पस, मोरङ्ग ।

ज.व.रा., स्वयंप्रकाश र साथीहरु (२०६३), *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटी काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, धर्मदत्त (२०६८), *पाठ्यक्रम योजना र अभ्यास सहायक,* कीर्तिपुर, काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६७), *पाठ्यक्रम सिद्धान्त,* भोटाहिटी, काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

भट्ट, टिकेन्द्र प्रसाद (२०६८), *पाठ्यक्रम मूल्यांकन तथा अनुसन्धान,* भोटाहिटी काठमाडौँ, हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०५३), *शिक्षाका आधारहरू,* भोटाहिटी काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, गोपिनाथ (२०५८), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौँ : मकालु बुक्स पब्लिकेशन ।

शर्मा गोपिनाथ (२०५०), *नेपालमा शिक्षाको इतिहास,* काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

**माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था**

**अनुसूची-१**

**प्र.अ. का लागि प्रश्नावली**

नाम, थर : मिति :

विद्यालयको नाम : हस्ताक्षर :

१. अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

.............................................................................................................

२. पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन् ?

.............................................................................................................

३. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्न के सुझाव दिनुहुन्छ ?

.............................................................................................................

४. अर्थशास्त्र विषयको शिक्षण कार्यमा कुनै समस्या देख्नु भएको छ ?

.............................................................................................................

५. यस विषयको अध्यापनका लागि के -कस्ता शैक्षिक सामग्रीहरुको व्यवस्था गरिएको छ ?

.............................................................................................................

६. अर्थशास्त्र विषय आजको परिवेशमा कतिको आवश्यक छ ?

.............................................................................................................

७. अर्थशास्त्र विषयको पाठ्यक्रम सम्बन्धी तपाईंको कस्तो धारणा छ ?

.............................................................................................................

८. तपाइको विद्यालयमा शिक्षक तालिमप्राप्त हुनुहुन्छ कि हुनुहुन्न ?

.............................................................................................................

९. तपाइले आफ्ना शिक्षकहरुलाई कसरी व्यवस्थित गर्नुभएको छ ?

.............................................................................................................

१०. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा शिक्षणमा के कस्तो फरक पाउनु भएको छ ?

............................................................................................................

११. शिक्षकहरुलाई बेलाबेलामा पुर्नताजगी तालिममा सहभागी गराउनु भएको छ कि छैन ?

............................................................................................................

१२. अर्थशास्त्र सम्बन्धी शिक्षक विषयवस्तुमा दक्ष हुनुहुन्छ ?

............................................................................................................

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अनुसूची - २

## शिक्षकका लागि प्रश्नावली

नाम, थर : मिति :

विद्यालयको नाम ठेगाना : हस्ताक्षर :

१. अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

...........................................................................................................

२. पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन् ?

...........................................................................................................

३. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधानका उपायहरु के-के हुन सक्दछन् ?

...........................................................................................................

४. अर्थशास्त्र विषयले दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न उपयुक्त सीप विकास गरेको छ ?

...........................................................................................................

५. उच्च शिक्षा अध्ययनका लागि यस अर्थशास्त्र विषयले कस्तो भूमिका खेलेको छ ?

...........................................................................................................

६. यस विषयको अध्ययनले अन्य विषयको अध्ययन गर्न के कसरी सहयोग पुर्‍याएको छ ?

...........................................................................................................

७. के सबै पाठहरु पाठ्यक्रमले राखेका उद्धेश्यसँग संबन्धित छन् ?

...........................................................................................................

८. के पाठ्यक्रममा विद्यार्थीको उमेर र स्तरलाई ध्यान दिइएको छ ?

...........................................................................................................

९. विद्यार्थीमा अपेक्षित ज्ञान तथा सीपको विकास गर्नका लागि विषयवस्तु पर्याप्त  छन् ?

......................................................................................................................

१०. शिक्षण सिकाइ क्रियाकलापमा के - कस्ता शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?

...................................................................................................................

११. तपाईलाई विद्यालयले पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरु उपलब्ध गराएको छ ?

.........................................................................................................................

१२. अभिभावकबाट कस्तो सहयोग पाउनु भएको छ ?

.....................................................................................................................

१३. शिक्षक निर्देशिका र विशिष्टिकरण तालिकाले शिक्षण सिकाई कार्यमा कति सहयोग गरेको पाउनुभएको छ ?

.................................................................................................................

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अनुसूची - ३

### अभिभावकका लागि अर्न्तवार्ता निर्देशिका

नाम, थर : मिति :

ठेगाना : हस्ताक्षर :

१. तपाइलाई कस्तो लाग्छ माध्यमिक तहको अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

.................................................................................................................

२. पाठ्यक्रम कार्यान्वयनमा के - कस्ता समस्याहरु देखिएका छन् ?

.................................................................................................................

३. समस्या समाधानका उपायहरू के-के हुन सक्दछन् ?

.................................................................................................................

४. तपाइका छोराछोरी विद्यालय जान कतिको मन गर्छन् कि गर्दैनन् ?

.................................................................................................................

५. तपाइले आफ्ना छोराछोरीको लागि कस्तो वातावरण बनाइ दिनु भएको छ ?

.................................................................................................................

६. तपाइको छोराछोरीले पढ्ने विद्यालयमा कतिको जाने गर्नुभएको छ ?

.................................................................................................................

७. विद्यालयलाई सल्लाह सुझावहरु कतिको दिनु हुन्छ ?

.................................................................................................................

८. तपाइका सल्लाह सुझावहरु विद्यालयले अवलम्बन गरेको छ ?

.........................................................................................................

९. विद्यालयमा विषयसँग संबन्धित शिक्षक तालिम प्राप्त पाउनु भएको छ ?

.........................................................................................................

१०. विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग कतिको पाउनु भएको छ ?

..........................................................................................................

११. तपाइको छोराछोरीको नतिजा विद्यालयले जानकारी गराउँछ कि गराउँदैन ?

.........................................................................................................

१२. विद्यालयले तपाइलाई समय-समयमा बच्चाको उन्नती प्रगती तथा कमजोर पक्ष बारे जानकारी गराउँछ कि गराउँदैन ?

............................................................................................................

१३. विद्यालयले बच्चाको गृहकार्य अनुशासन व्यवहार परिवर्तन संबन्धी कत्तिको जानकारी गराउँछ ?

.............................................................................................................

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अनुसूची - ४

## शिक्षकहरुको समूह छलफलका लागि निर्देशिका

१. पाठ्यक्रम कार्यान्वयनको अवस्था संबन्धमा ।

२. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु संबन्धमा ।

३. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान संबन्धमा ।

४. पाठ्यक्रम कार्यान्वयनको अवस्थाले सिकाइमा पार्ने प्रभाव संबन्धमा ।

५. के कस्ता शिक्षण विधि एवम् सामग्रीहरु प्रयोग गरी शिक्षण गरिने भन्ने संबन्धमा ।

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अनुसूची - ५

### विद्यार्थीहरुका लागि प्रश्नावली

१. विद्यालय नियमित रुपमा खुल्ने गरेका छन् ?

..........................................................................................................

२. शिक्षकहरुले के नियमित शिक्षण गर्नुहुन्छ ?

..........................................................................................................

३. शिक्षकहरुले शिक्षण गर्दा के कस्ता शिक्षण विधिहरु अपनाउनु हुन्छ ?

..........................................................................................................

४. शिक्षकहरुले के नियमित पाठ योजना बनाएर पढाउनु हुन्छ ?

..........................................................................................................

५. शिक्षकहरुले शैक्षिक सामग्री कतिको प्रयोग गर्नु हुन्छ ?

..........................................................................................................

६. के अर्थशास्त्र विषय पढाउने शिक्षक तालिम प्राप्त हुनुहुन्छ ?

..........................................................................................................

७. विद्यालयमा शैक्षिक वातावरण कस्तो छ ?

..........................................................................................................

८. विद्यालयमा के कस्ता परिक्षणका साधनहरु प्रयोग गरिन्छ ?

..........................................................................................................

९. पाठ्यक्रमको अवस्था कस्तो छ ?

..........................................................................................................

१०. पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्याहरु देखिएका छन् ?

..........................................................................................................

११. देखिएका समस्याहरु सुधार गर्नका लागि के सल्लाह सुझाव दिन चाहनु हुन्छ ?

..........................................................................................................

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

## अनुसूची - ६

## स्रोतव्यक्तिका लागि प्रश्नावली

स्रोत व्यक्तिको नाम :                                   स्रोत केन्द्र :

१. तपाइको स्रोतकेन्द्रभित्र कतिवटा विद्यालयहरु छन् ?

..................................................................................................

२. तपाइको स्रोतकेन्द्रमा रहेका शिक्षकहरुलाई अभिमुखीकरण तथा प्रवोधीकरण सम्बन्धी तालिम दिने गर्नुभएको छ ?

..................................................................................................

३. तपाइको स्रोतकेन्द्रहरुमा पाठ्यक्रमको कार्यान्वयन कसरी भएको छ ? अनुगमन मूल्यांकन गर्नुभएको छ ?

..................................................................................................

४. अर्थशास्त्र विषयको पाठ्यक्रम शिक्षण गर्दा शिक्षकहरुले शैक्षिक सामग्री कतिको प्रयोग गरेको पाउनुभयो ?

..................................................................................................

५. तपाइ आफ्नो स्रोतकेन्द्रभित्रका विद्यालयहरु एक शैक्षिक सत्रमा कति पटक अनुगमन गर्नुहुन्छ ?

..................................................................................................

६. तपाइको स्रोतकेन्द्रमा पाठ्यक्रम समयमा नै पूरा हुने गरेको छ ?

..................................................................................................

७. अर्थशास्त्र विषयको पाठ्यपुस्तक समयमै उपलब्ध हुने गरेको छ ?

…………………………………………………………………………………

८. तपाईंको स्रोतकेन्द्रमा रहेका विद्यालयहरुका विद्यार्थीहरुलाई पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भसामग्रीहरु उपलब्ध भएको छ ?

……………………………………………………………………………………………

९. अर्थशास्त्र विषयको पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्याहरु छन् ?

…………………………………………………………………………………………

१०. पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्न के-कस्ता उपायहरु अपनाउनु पर्दछ ?

…………………………………………………………………………………………

## माध्यमिक तहमा अर्थशास्त्र विषयको पाठ्यक्रम कायान्वयनको अवस्था

## अनुसूची - ७

## सर्वेक्षण फारम (रुजुसूची)

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : ठेगाना :

| कार्य संचयिकामा समेट्नुपर्ने पक्षहरु | प्रयोग गरेको | प्रयोग नगरेको |
|---|---|---|
| १. निरन्तर विद्यार्थी मूल्यांकन | | |
| २. विषयगत उपलब्धि | | |
| ३. विद्यार्थीहरुको आर्थिक सामाजिक पारिवारिक विवरण | | |
| ४. विद्यार्थी हाजिरी | | |
| ५. गृहकार्य | | |
| ६. कक्षाकार्य | | |
| ७. परियोजना कार्य | | |
| ८. सिर्जनात्मक कार्य | | |
| ९. अतिरिक्त क्रियाकलाप | | |
| १०. व्यवहार परिवर्तन | | |

| पाठ्यक्रम कार्यान्वयनको अवस्था | प्रयोग गरेको | प्रयोग नगरेको |
|---|---|---|
| १. पूर्व पाठमा आधारित | | |
| २. कक्षा व्यवस्थापन | | |
| ३. पाठप्रति रुची | | |
| ४. विषयवस्तुको ज्ञान | | |
| ५. पाठको क्रमबद्धता | | |
| ६. स्तरयुक्तता | | |
| ७. उदाहरणको सान्दर्भिकता | | |

**पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपाय**

१. विद्यार्थी सक्रियातामा वृद्धि

२. कक्षा अनुशासनको व्यवस्था

३. प्रश्नोत्तरको निरन्तरता

४. शैक्षिक सामग्रीको प्रयोग

५. संचार माध्यमको प्रयोग

६. व्याख्या तथा प्रदर्शन विधिको प्रयोग